# चन्दननाथ नगरपालिका

# संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन

## (Organization and Management Survey Report)

## २०८०

**चन्दननाथ नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**


**जुम्ला, कर्णाली प्रदेश, नेपाल**

**२०८०**

**प्रकाशक** : चन्दननाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जुम्ला, कर्णाली प्रदेश, नेपाल
फोन : ०८७-५२००११
इमेल : *cmjumla@gmail.com*
वेबसाईट : *www.chandannathmun.gov.np*
**सर्वाधिकार©** : प्रकाशकमा
**प्रकाशन मिति** : २०८१

**परामर्शदाता** : Governance Studies and Research Center, Banke
*Contact: 9858081913, e-mail : gsrc.nepal@gmail.com*

# चन्दननाथ नगरपालिकाको नक्शा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## अध्ययनकर्ताको तर्फबाट

नेपालको संविधान वि.सं.२०७२ असोज ३ गते जारी भए पश्चात संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारले वि.सं. २०७३ फागुन २७ बाट साविकका ३३०० भन्दा माथी रहेका गाउँ विकास समितिहरू र २१७नगरपालिकाहरूलाई समायोजन गरी ४६० नगरपालिकाहरू र २९३ नगरपालिकाहरू सहित ७५३ स्थानीय तह गठन गरी कार्यान्वयनमा रहेको छ । वि.सं. २०७४ मा भएको स्थानीय तहको निर्वाचन पछि निर्वाचित जनप्रतिनिधिहरूबाट कार्यभार सम्हाल्दा नगरपालिका तथा नगरपालिकाहरूको संगठनात्मक ढाँचा निकै कमजोर अवस्थामा रहेको थियो ।

साथै निर्वाचित जनप्रतिनिधिको लागि पनि तोकिएका कार्य जिम्मेवारीहरू निर्वाध रूपमा सम्पादन गर्न कस्ता किसिमका प्रशासकीय संगठन निर्माण गर्ने भन्ने विषय स्पष्ट थिएन । स्थानीय तह मार्फत जनतालाई पुर्‍याउनु पर्ने सेवा तथा सुविधाहरू निर्वाधरूपमा उपलब्ध गराउनका लागि आवश्यक संगठन निर्माण, जनशक्ति पहिचान र व्यवस्थापन कार्य जनप्रतिनिधिको लागि पनि चुनौतिपूर्ण नै रहेको थियो । स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिमका कार्यजिम्मेवारीहरू सम्पादन गर्न स्थानीय तहको प्रशासकीय प्रणालीको पुन:संरचनाको आवश्यकता सोही समय देखि महसुस भएको हो ।

नेपाल सरकारले कर्मचारी समायोजनको कार्य सम्पन्न गर्न उपलब्ध गराएको अस्थायी संगठनात्मक ढांचा र दरबन्दी गाउँ तथा नगरपालिकाको आवश्यकता सम्वोधन गर्न पर्याप्त नभएको । कर्मचारी समायोजनको काम एक हदसम्म सम्पन्न भई सकेको हुदा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो संगठनको विशिष्टता तथा आवश्यकताको आधारमा विद्यमान सङ्गठन संरचना र जनशक्तिको पुनरावलोकन गरी नयाँ जिम्मेवारी निर्वाह गर्न सक्षम प्रशासकीय संगठन निर्माण गर्नु पर्ने कानूनी प्रावधानलाई कार्यान्वयन गर्न नगरपालिकाले प्राथमिकता दिएको हुदा नै चन्दननाथ नगरपालिकाको बर्तमान संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य सम्पन्न गरिएको छ ।

चन्दननाथ नगरपालिकाको प्रस्तुत सङ्गठन सर्वेक्षण अध्ययन सम्बन्धी कामलाई यथार्थ परख तथा व्यवहारिक बनाउन अध्ययन समूहलाई कार्य सम्पादनमा नगरपालिका प्रमुख *राजुसिंह कठायत ज्यू* बाट प्राप्त नीतिगत मार्गदर्शनका लागि कृतज्ञता ज्ञापन गर्दछौं । अध्ययनका क्रममा संस्थागत रूपमा संगठनको ढाँचा र जनशक्ति व्यवस्थापनका विषयमा आफ्नो लामो प्रशासकीय अनुभव संगाल्नु भएका *प्रमुख प्रशासकीय अधिकृत धर्मराज न्यौपाने* बाट प्राप्त सुझाव तथा पृष्ठपोषणका लागि अध्ययन समूह आभार व्यक्त गर्दछ । यसै क्रममा नगर कार्यपालिकाको कार्यालयका कर्मचारीहरुबाट प्राप्त सहयोगका लागि पनि धन्यवाद ज्ञापन गर्दछौ ।

# विषयसूची

परिच्छेद १ ........ 1

अध्ययन एवम् पुनरावलोकन ........ 1

१.१ चन्दननाथ नगरपालिकाको परिचय ........ 1

१.२ अध्ययनको पृष्ठभूमि ........ 1

१.३ अध्ययनको औचित्य ........ 2

१.४ संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्वन्धि कार्य शर्तहरु ........ 3

१.५ अध्ययन र पुनरावलोकन तथा मसौदा तयारी पद्धति ........ 4

१.६ अध्ययनका सीमाहरु ........ 4

परिच्छेद २ ........ 5

संगठन पुनरावलोकन ........ 5

२.१ सङ्गठन र दरबन्दी सम्बन्धी सबल पक्ष ........ 5

२.२ सङ्गठन ढाँचा र दरबन्दी सम्बन्धी कमजोर पक्ष ........ 5

२.३ सङ्गठन सुधारका मार्गदर्शन ........ 6

२.४ सङ्गठन र दरबन्दि सम्बन्धमा भएका विगतको अध्ययनको सुझाव ........ 6

परिच्छेद ३ ........ 7

विश्लेषण तथा दरबन्दी प्रस्ताव ........ 7

३.१ सङ्गठन संरचना र दरबन्दी ........ 7

३.१.१ संविधान र कानूनले प्रत्याभूत गरेको कार्य क्षेत्र ........ 7

३.१.२ नगरकार्यपालिका कार्यालय र वडा कार्यालय बीच प्रशासनिक तथा आर्थिक सम्बन्ध ........ 8

३.१.३ कार्यपालिकाको कार्यालयको शाखाको कार्य विवरण ........ 8

३.१.४ संघ र प्रदेशसँग सम्बन्ध र अन्तर्राष्ट्रिय सम्बन्ध ........ 8

३.१.५ मूलभूत कार्यहरू र सहायक कार्यहरू ........ 9

३.२ कार्य जिम्मेवारीको वर्गीकरण ........ 9

३.३ कार्यबोझ विश्लेषणको अबस्था र नगरपालिकाको कार्य जिम्मेवारी ........ 10

३.४ सङ्गठन संरचना र दरबन्दी प्रक्षेपणका आधार ........ 10

३.४.१ नगरपालिकाले सम्पादन गर्नुपर्ने कार्य ........ 10

३.४.२ बर्तमान दरबन्दीको अबस्था र कार्य सम्पादन ........ 10

३.४.३ जनसंख्या र कर्मचारीको अनुपात ........ 11

३.५ सङ्गठन संरचना प्रस्ताव ........ 11
३.६ कार्य विवरण........ 11
३.७ आर्थिक व्ययभार ........ 11
परिच्छेद ४........ 12
मूख्य सुझावहरु ........ 12
अनुसूचीहरु ........ 14
अनुसूची १ : नगरपालिकाले सम्पादन गर्नुपर्ने कार्यहरु........ 14
अनुसूची २ : चन्दननाथ नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको नयाँ संगठन संरचना ........ 17
अनुसूची ३ : चन्दननाथ नगरपालिका अन्तरगत वडा कार्यालयको संगठन संरचना........ 20
अनुसूची ४ : चन्दननाथ नगरपालिका अन्तरगत रहेका स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रको संगठन संरचना........ 21
अनुसूची ५ : चन्दननाथ नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका ईकाइ सहितको दरवन्दी र व्ययभारको विवरण ........ 23
अनुसूची ६ : नगरपालिकाको संगठन संरचनामा आधारित शाखा तथा ईकाइको विवरण........ 25
अनुसूची ७ : वडा कार्यालयको कार्यविवरण (वडाको काम, कर्तव्य र अधिकारमा आधारित)........ 36
अनुसूची ८ : नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहको एकल अधिकारको सूची ........ 40
अनुसूची ९ : नेपालको संविधानको अनुसूची ९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची ........ 41
अनुसूची १० : मन्त्रालयद्वारा कायम अस्थायी संगठन ढाँचामा आधारित दरबन्दी (२०७५)........ 42
अध्ययन सन्दर्भ सामाग्री ........ 43

# परिच्छेद १

## अध्ययन एवम् पुनरावलोकन

### १.१ चन्दननाथ नगरपालिकाको परिचय

चन्दननाथ नगरपालिका कर्णाली प्रदेशको जुम्ला जिल्लामा अवस्थित रहेको छ । पूर्वमा गुठीचौर र तातोपानी गाउँपालिका, दक्षिणमा तातोपानी गाँउपालिका र पश्चिममा सिँजा र कनकासुन्दरी गाँउपालिका तथा उत्तरमा पातारासी गाउँपालिका अवस्थित रहेको छ । नगरपालिकाको केन्द्र साविक चन्दननाथ गाविसको कार्यालय रहेको स्थानमा रहेको छ । साविकका चन्दननाथ, कार्तिकस्वामी, महतगाउँ र तलिहुम गाविस मिलेर गठन भएको हालको चन्दननाथ नगरपालिकाको नामाकरण ऐतिहासिक तथा धार्मिक पृष्ठभुमि सँग जोडिएको छ। साविकको चन्दननाथ गा वि स मा रहेको प्रसिद्ध मन्दिर चन्दननाथ मन्दिरको नामबाट यस नगरपालिकाको नामाकरण भएको हो ।

कुल १०२.०३ वर्ग कि.मी. मा फैलिएको यस नगरपालिकामा १० वटा वडाहरु रहेका छन् । जिल्ला वस्तुगत विवरण २०८० अनुसार यस नगरपालिकामा २१०३६ जनसंख्या रहेको छ जसमध्य पूरुष १०३९९ र महिला १०६३७ रहेको छन् ।

जातीय हिसाबले मिश्रित बसोबास रहेको यस नगरपालिकामा बाहुन, क्षेत्री, ठकुरी ,दलित, तामाङ्ग, थारु, मुस्लिम जातिहरु रहेका छन जातीय र भाषिक विविधता रहेको यस नगरपालिका क्षेत्रमा मुख्य रुपमा हिन्दु धर्मावलम्बी नै रहे पनि बौद्ध,मुस्लीम र क्रिश्चियन धर्म मान्ने जनसंख्या पनि यहाँ रहेको छ।

हिमाली क्षेत्रमा पर्ने यस नगरपालिकाको भुभाग होचा डाँडा र समथर उपत्यका रहेको छ। उत्तर दक्षिण वग्ने बिचमा तिला नदी रहेक यस नगरपालिकाको त्यसमाथी खेती योग्य जमिन, त्यसमाथी गाँउवस्तीहरु र त्यसभन्दा माथीको भाग पाखो जमिन वनजगंलले ओगटेको छ ।

केन्द्रीकृत राज्य व्यवस्थालाई नेपालको संविधानले संघीय गणतन्त्रात्मक मुलुकमा रूपान्तरण गरेपछि मुलुकलाई ७ प्रदेशमा विभाजन गरिए अनुसार कर्णाली प्रदेश क्षेत्रफलका दृष्टिले सवैभन्दा ठूलो र जनसंख्याका दृष्टिले सवैभन्दा कम जनसंख्या भएको प्रदेश हुन पुगेको छ। यस प्रदेश भित्रका १० जिल्ला अन्तर्गत कुल ७९ वटा स्थानीय तहहरू रहेका छन । प्रदेशका नगरपालिकाहरू मध्ये विकासको ठूलो संभावना बोकेको उदयममान नगरपालिकाको स्वरूपमा अगाडी बढी रहेको छ।

### १.२ अध्ययनको पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ८ र ९ मा स्थानीय तहको एकल अधिकार र साझा अधिकारका सूचीहरू रहेका छन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संविधानको अनुसूची –८ मा उल्लेख भएका अधिकारको सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी नगरपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उल्लेख गरेको छ । चन्दननाथ नगरकार्यपालिकाबाट जारी भएको चन्दननाथ नगरपालिका (कार्यसम्पादन) नियमावली, २०७४ अनुसार नगरपालिकाको कार्यसम्पादन वडा समिति र विषयगत शाखा तथा ईकाइहरू (शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास) लगायतका शाखा तथा ईकाइबाट फछ्र्यौट हुने कानूनी व्यवस्था अवलम्वन गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका सम्बन्धमा स्थानीय तहले अवलम्वन गर्नु पर्ने विधि तथा आधारका विषयमा उपदफा १ देखि ७ सम्म विभिन्न प्रावधानहरू राखिएको छ। नगरपालिकाले आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टताका आधारमा संङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । सङ्गठन सम्बन्धी

पुनर्संरचना गरिंदा कायम सङ्गठन संरचना, सङ्गठनको कार्यक्षेत्र, सेवा प्रवाह सम्बन्धी कार्यबोझ र सोको औचित्य तथा उपलब्ध मानवस्रोत समेतको आधारमा कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गरी सङ्गठन ढाँचा, पदनाम, कार्यविवरण, जिम्मेवारी र संख्या सहितको दरबन्दी सम्वन्धि स्थानीय तहको सभाबाट स्वीकृति गरी लागु गरिनु पर्दछ ।

कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम नेपालका संपूर्ण स्थानीय तहहरूको लागि आवश्यक न्यूनतम जनशक्ति नेपाल सरकारबाट व्यवस्थापन गरिएको छ । सोही अनुसार चन्दननाथ नगरपालिकामा समेत कर्मचारीहरुको खटनपटन नेपाल सरकारबाट नै भएको छ । तथापि नगरपालिकामा समायोजन रोज्ने कर्मचारीको अत्याधिक भएको महसूस गरिएको छ । कानूनले तोके अनुसार नयाँ संगठन संरचना निर्माण र कर्मचारी व्यवस्थापन नभएसम्मका लागि २५ हजारसम्म जनसंख्या रहेको नगरपालिका तथा नगरपालिकाको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट अस्थायी रूपमा उपलब्ध गराईएको सङ्गठन संरचना र सो बमोजिमको दरबन्दीलाई नै हालको दरबन्दीको रूपमा कायम गरिएको छ ।

स्थानीय सरकारको भूमीकामा नगरपालिकाले प्रभावकारी भूमीका सहित सुलभ तवरले सेवा प्रवाह गरी जनता विचमा दरो उपस्थितिको अनुभूति दिलाउन विद्यमान भौगोलिक अबस्था,न्यून जनशक्ति, नयाँ सङ्गठन निर्माण र कार्यालय इकाइहरुको कार्यक्षेत्र विस्तार प्रमुख चुनौतिका रुपमा देखा परेका छन । कर्मचारी समायोजन प्रयोजनको लागि मन्त्रालयबाट उपलब्ध अस्थायी सङ्गठन संरचना र सो बमोजिमको कर्मचारी संयन्त्र मार्फत तोकिएका सेवा तथा सुविधाहरू सहज र सरल रूपमा प्रदान गर्ने काम निकै जटील देखिएको छ ।

नगरपालिकाबाट विगत बर्षहरूमा सङ्गठनको पुन:संरचना सम्बन्धमा केही गृहकार्यहरु सहित प्रयाश गरिएको भएपनि सो टुङ्गोमा पुगेको अबस्था देखिएन ।नयाँ सङ्गठन संरचनाका सम्बन्धमा देखिएका अस्पष्टताहरु समेतको विश्लेषण पश्चात मात्र पालिकाको सङ्गठन संरचना र जनशक्तिको खाका तयार गरिनु उपयुक्त हुने पृष्ठभूमिमा स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म र भावना अनुसार प्रस्तुत सङ्गठन संरचना सम्बन्धी अध्ययन तथा सर्वेक्षण गरिएको हो ।

### १.३ अध्ययनको औचित्य

नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कर्मचारी समायोजन प्रयोजनलाई मध्यनजर गर्दै सवै ७५३ स्थानीय तहलाई जनसंख्याको आधारमा वर्गीकरण र समूहकृत गरी उपलव्ध गराईएको पछिल्लो सङ्गठन ढाँचा र कायम दरबन्दीलाई नै यस नगरपालिकाले पनि आफ्नो सङ्गठन ढाँचा र दरबन्दीको आधार लिई सोही बमोजिम न्युनतम दरबन्दी कायम गरी कार्य संचालन गर्दै आएको छ । नेपाल सरकारबाट नै कायम गरिएको दरबन्दी र कर्मचारी समायोजनको अवस्था हेर्दा नगरपालिकाको कार्यजिम्मेवारी र कार्यबोझको लागि जनशक्तिको आवश्यकता र उपलव्ध जनशक्तिको संख्याको अवलोकन र विश्लेषण गर्दा नगरपालिकाको सङ्गठन समयसापेक्ष र व्यवहारिक रहको देखिदैन । संविधान बमोजिमका कार्यजिम्मेवारी र विभिन्न कानूनहरूबाट नगरपालिकाले सम्पादन गर्नु पर्ने गरी तोकिएका काम कर्तव्य र अधिकारमा आधारित समग्र कार्यसम्पादनका दृष्टिले पनि नियन्त्रण तथा सन्तुलन नमिलेको बोझिलो र असन्तुलित सङ्गठनको रूपमा रहेको पाईन्छ ।विद्यमान दरबन्दीको संख्यालाई अध्ययन गर्दा नेपाल सरकारबाट स्वीकृत सङ्गठन ढाँचा, स्थानीय तहको आवश्यकता अनुरुपको सङ्गठन निर्माण, मातहतका विद्यमान संरचना, स्थानिय तहका कार्यहरु (job) र कार्य प्रकृति र कार्यबोझको विश्लेषण सम्बन्धी थप विश्लेषण गर्नुपर्ने अबस्था रहेको छ ।

संघीय सरकारले कर्मचारी समायोजनको कार्य लगभग पूरा गरी सकेको अवस्थामा नगरपालिकाको कार्यजिम्मेवारी र कार्यसम्पादनको लागि बर्तमान सङ्गठन र दरबन्दीको पुनरावलोकन गरी नयाँ सङ्गठन संरचना र सो को आधारमा जनशक्ति प्रक्षेपण सहित अद्यावधिक गर्न आवश्यक देखिएको छ ।यस विषयमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ ले नगरपालिकालाई कार्यजिम्मेवारी सुम्पेको छ ।उल्लेखित पृष्ठभूमिका आधारमा स्वीकृत नीति तथा कार्यक्रम अनुरुप नगरपालिकालाई नतिजामुखी बनाइ जनशक्तिको उचित प्रयोगको सिद्धान्तमा रही कुल जनशक्तिको

प्रक्षेपण र सङ्गठन सम्बन्धमा अबलम्बन गर्नुपर्ने अन्य उपायहरु सिफारिश गर्नुपर्ने आवश्यकता अनुरुप प्रस्तुत सङ्गठन सर्वेक्षण गरिएको हो ।

प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने र प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने संवैधानिक प्रावधान छ । स्थानीय तहका कर्मचारीहरुको सेवा र शर्तका विषय र छनौट तथा नियुक्ति लगायतका विषयमा प्रत्यक्ष भूमिका रहने प्रदेश लोकसेवा आयोगकको गठनका सम्वन्धमा प्रदेशसभाबाट लोक सेवा गठन सम्वन्धि ऐन बनाई आयोगको गठन समेत भई सकेको छ ।हाल नगरपालिकामा कर्मचारीहरुको खटनपटन नेपाल सरकारबाट कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम भएको छ । हालसम्म पालिकामा कायम भएका सङ्गठन संरचना र कर्मचारिको दरबन्दी तेरिज सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूनाको रूपमा प्राप्त भए अनुसार नै कायम रहेको भए पनि नेपाल सरकारले तोकेको दरबन्दी र समायोजनको अवस्था हेर्दा सङ्गठन संरचना र दरबन्दी विचमा तालमेल रहेको देखिदैन ।

स्थानीय सरकारको भूमीकामा नगरपालिकाले प्रभावकारी सेवा प्रवाह गरी जनता विचमा दरो उपस्थितिको अनुभूति दिलाउन विद्यमान भौगोलिक अबस्था, उपलव्ध न्यून जनशक्ति, नया सङ्गठन निर्माण र कार्यालय इकाइहरुको कार्यक्षेत्र विस्तार प्रमुख चुनौतिका रुपमा देखा परेका छन । कर्मचारी समायोजन प्रयोजनको लागि नमूनाको रूपमा कायम गरिएको सङ्गठन संरचना र सो बमोजिमको कर्मचारी संयन्त्र मार्फत तोकिएका सेवा तथा सुविधाहरू सहज र सरल रूपमा प्रदान गर्ने काम जटील हुन गएको छ । नगरपालिकाबाट विगत बर्षहरूमा सङ्गठनको पुनःसंरचना सम्बन्धमा केही प्रयास तथा गृहकार्यहरु भएपनि सो काम टुङ्गोमा पुगेको अबस्था छैन । सङ्गठन संरचनाका सम्बन्धमा देखिएका अस्पष्टताहरु समेतको विश्लेषण पश्चात मात्र पालिकाको सङ्गठन संरचना र जनशक्तिको खाका तयार गरिनु उपयुक्त हुने पृष्ठभूमिमा स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म र भावना अनुसार प्रस्तुत सङ्गठन संरचना सम्बन्धी अध्ययन तथा सर्वेक्षण गरिएको हो । उपर्युक्त पृष्ठभूमिमा नगरपालिकालाई स्वीकृत नीति तथा कार्यक्रम अनुरुप किफायती, नतीजामुखी बनाइ जनशक्तिको उचित प्रयोगको सिद्धान्तमा रही कुल जनशक्तिको प्रक्षेपण र सङ्गठन सम्बन्धमा अबलम्बन गर्नुपर्ने अन्य उपायहरु सिफारिश गर्नुपर्ने आवश्यकता अनुरुप प्रस्तुत सङ्गठन सर्वेक्षण गरिएको हो ।

### १.४ संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्वन्धि कार्य शर्तहरु

चन्दननाथ नगरपालिकाबाट सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका लागि देहाय अनुसारका कार्यशर्तहरु (Terms Of References) तोकिएको थियो ।

- कार्य प्रकृति र कार्यबोझको आधारमा मौजुदा सङ्गठन संरचनामा सुधार एवम् पुनर्संरचना सहितको गाउँ कार्यपालिकाको कार्यालय र मातहत स्थापना हुने सङ्गठन र इकाईहरुको संरचना ढाँचा तथा तहगत दरबन्दी तेरीज तयारी,
- सङ्गठन संरचनामा प्रस्तावित शाखा तथा इकाइहरुको कार्यहरुको विश्लेषण (Job Analysis) गरी शाखागत रूपमा कार्यविवरण तयारी,
- सङ्गठन संरचनाका आधारमा प्रस्तावित दरबन्दी भित्रका सवै तहका पदहरूको लागि बार्षिक रूपमा व्यहोर्नु पर्ने व्ययभार, र
- कर्मचारी व्यवस्थापन सम्बन्धी नीति कार्यान्वयन गर्न सुझावहरु ।

### १.५ अध्ययन र पुनरावलोकन तथा मसौदा तयारी पद्धति

अध्ययन प्रतिवेदन विभिन्न स्रोत तथा सङ्कलित तथ्याङ्कहरूको विश्लेषणमा आधारित छ । प्रतिवेदनलाई थप स्पष्ट एवं वस्तुनिष्ठ बनाउन देहायका सामाग्रीहरूको अध्ययन गरिएको थियो ।

- सङ्गठन संरचनाका सैद्धान्तिक आधारहरुको अध्ययन,
- नेपालको संविधानको धारा ५७ र सम्बन्धित अनुसूची ५, ६, ७, ८, ९ र १० मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको अधिकार र साझा अधिकारका विषयहरू,
- सङ्गठन सर्वेक्षण तथा व्यवस्थापन सम्बन्धमा विगतका सभाहरूको निर्णय, मार्गदर्शनहरू
- सङ्गठन सर्वेक्षण तथा व्यवस्थापन सम्बन्धि नगरपालिकामा उपलब्ध प्रतिवेदनमा उल्लेखित सुझावहरु,
- नगरकार्यपालिका कार्यालयबाट प्राप्त दरबन्दी सम्बन्धी विवरणहरू,
- नगरकार्यपालिका कार्यालयबाट प्राप्त कर्मचारीहरूको विवरणहरू
- स्थानीय तहको कार्यसँग सम्बन्धित ऐन तथा नियमावलीहरू ।

सङ्ठनको सेवा इकाइहरुको संख्या र जनशक्ति विश्लेषण गर्दा कायम भएका वडाहरू, नगरपालिका केन्द्रबाट ती वडाहरूको भौगोलिक दुरी तथा सेवाप्रवाहका दृष्टिले विद्यमान वडा कार्यालयहरुसम्मको पहुँच, कार्यपालिका अन्तर्गत रहेको शाखा र उपशाखाहरुको सङ्ख्या र उपलव्ध सेवा र सो सम्बन्धी विभिन्न कठिनाइहरुको अवस्था विश्लेषण गरिएको थियो ।

अध्ययनका लागि सुझाव सङ्कलन गर्न नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्यहरु र नगरकार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी प्रशासन लगायत सबै शाखा प्रमुखहरु र सरोकारवालाहरूसँग शाखाको कार्यबोझ,कर्मचारीको उपलव्धता र कार्यसम्पादनको अवस्था लगायतका विषयमा छलफल गरी सुझाव तथा पृष्ठपोषण लिइएको थियो । अन्तरकृया गर्ने क्रममा शाखा तथा ईकाइहरूमा कार्यरत विभिन्न तहका कर्मचारिहरुसंग छलफल मार्फत सङ्गठन संरचना, कर्मचारिको दरबन्दी, सेवा समूह, कार्यभार, कार्य विश्लेषण लगायतका विवरण सम्वन्धि सूचना सङ्कलन गरिएको थियो । अध्ययन प्रस्ताव मसौदा उपर गाउँ कार्यपालिकाको कार्यालयमा विभिन्न तहमा गरिएका छलफल र बैठकबाट प्राप्त प्रतिकृया, सुझावहरु समावेश गरि यो प्रतिवेदन तयार गरिएको हो ।

### १.६ अध्ययनका सीमाहरु

प्रस्तुत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन चन्दननाथ नगरपालिकाबाट दिइएको कार्यशर्तमा उल्लेख भए बमोजिम मूलभूत रूपमा नगरपालिकाको बर्तमान संगठनात्मक संरचना र कायम दरबन्दीको पुनरावलोकनमा आधारित रहि प्रस्तावित सङ्गठन स्वरूप, तदनुरूप आवश्यक जनशक्तिको तहगत दरबन्दी र कार्य विश्लेषणमा सीमित रहि तयार गरिएको छ ।

नेपाल सरकारले विभिन्न सेवा समूह उपसमूहमा रहेका निजामति सेवाका कर्मचारीहरू तथा विभिन्न स्थानीय सेवाका कर्मचारीहरू स्थानीय सरकारको मातहतमा समायोजन गरी पदस्थापना गरेकोमा विगतमा आ–आफ्नै सेवा समूहको Chain of Command मा काम गरि आएका कर्मचारीहरू राजनीतिक नेतृत्वको मातहतमा काम गर्नु पर्ने अवस्थाका लागि मानसिक रूपमा तयारी नहुदा संस्थाको क्षमता भन्दा पनि आफ्नै पदीय अवस्थामा केन्द्रीत रहि संगठन निर्माणका लागि रूची राख्ने अवस्थालाई पनि अध्ययनको सीमाका रूपमा लिईएको छ ।

अध्ययनका उल्लेखित विषयहरु जटिल प्राविधिक प्रकृतिको कार्य भएको र तत्कालको संक्षिप्त अध्ययनले सो विषय समेटन संभव नरहेको अवस्थामा उपलब्ध समय सीमा भित्र प्रस्तुत अध्ययन एवम् पुनरावलोकनको काम सम्पादन गरिएको छ ।

## परिच्छेद २

## संगठन पुनरावलोकन

### २.१ सङ्गठन र दरबन्दी सम्बन्धी सबल पक्ष

नेपालको संविधान अनुसार स्थानीय तहको एकल र साझा अधिकारका विषयहरू र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेखित सेवा प्रवाह र कार्य जिम्मेवारीका आधारमा बर्तमान सङ्गठन संरचना र उपलव्ध जनशक्तिको तुलनात्मक विश्लेषण गर्दा नगरपालिकाबाट विशेष रूपमा वडा कार्यालयहरू मार्फत दिईदै आएको सेवा सिमीत संख्यामा रहेका विषयगत दक्ष कर्मचारीबाट प्रदान हुदै आएको देखिन्छ । नगरपालिकामा समायोजनभन्दा पहिले देखि कार्यरत प्रायः कर्मचारीहरुले विषय क्षेत्र सम्बन्धी न्यूनतम तालिम र कार्यपालिका सदस्यहरुले स्थानीय सरकार सञ्चालन सम्बन्धी आधारभूत तालिमहरू प्राप्त गरेका छन ।

स्थानीय आधारभूत सेवा सम्बन्धी ईकाइ र वडा कार्यालयका इकाइहरु सीमीत कर्मचारीको नेतृत्वमा संचालित भएपनि सेवा प्रवाहमा कठिनाई भएता पनि प्रत्यक्ष रूपमा सेवा प्रवाहमा अबरोध रहेको पाईएन । नगरपालिकाले आफ्नो सीमित मानव स्रोतको उच्चतम प्रयोगबाट जनस्तरमा पुर्‍याउनु पर्ने सेवाहरु अवरूद्ध नहुने प्रदान गरि आएको देखिए पनि ती सवै सेवाहरू दक्ष तथा सीपयुक्त रूपमा आधुनिक प्रविधिमा आधारित गरी उपलव्ध गराउन सकिएको छैन ।

नगरपालिकाको कुल १०२.०३ वर्ग कि.मी क्षेत्रफलको अनुपातमा औद्योगिक तथा शहरी क्षेत्रको विकास र विस्तार तीब्र रूपमा हुने संभावना बोकेको र चन्दननाथ नगरपालिकाको वरपर वजारको विकासक्रम नजिक रहेकोले अवको केही वर्ष भित्रमा यो नगरपालिका घना विकसित नगरपालिकाको स्वरूपमा परिवर्तन हुने कुरामा दुईमत देखिदैन ।

### २.२ सङ्गठन ढाँचा र दरबन्दी सम्बन्धी कमजोर पक्ष

भौगोलिक तथा प्राकृतिक अबस्थालाई मध्यनजर गर्दा यस नगरपालिकाले आफ्नो स्वरूप र अवस्थितिालाई आकर्षक बनाउन गर्नु पर्ने पहलहरूमा : भौतिक विकासका प्रयासहरू, कृषि उपज,आधुनिक शहरी स्वरूपमा आधारित विकास तथा सेवा सुविधा प्रवाहमा विशिष्टिकरण र विविधिकरणलाई उच्च प्राथमिकतामा राख्न आवश्यक देखिन्छ । यो नगरपालिकाले भौतिक विकासमा धेरै श्रोत साधनमा खर्चिए पनि मानव विकास सूचकाङ्कमा अझै सुधार गर्नु आवश्यक रहेकोछ । शहरीकरण संगै बढदो आप्रवासको कारण शहरी गरिवीको दर बृद्धी हुदै जाने हुदा समुन्नत नगरपालिकाको सपनाको लागि यो चुनौती हुन जान्छ ।

मूलभूत रूपमा नगर कार्यपालिकाको भूमीका आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा नीति तर्जुमा गर्ने, कानून निर्माण गर्ने, सरल, सहज तथा झन्झटरहित तवरमा सेवा प्रवाह सुनिश्चित गर्ने, सो को अनुगमन गर्ने र स्थानीय सरकारको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन समन्वयकारी भूमिकामा बढी केन्द्रीत रहनु पर्ने हुन्छ । हालका दिनमा स्थानीय तहका नेतृत्वमा रहेका पदाधिकारीहरू समन्वयकारी भूमीकामा भन्दा कार्यान्वयनकारी भूमिकामा बढि केन्द्रित हुदै गएको भन्ने विषय प्राथमिकताका साथ उठने गरेको पाईन्छ । यस किसिमको प्रबृत्ती बढदै गएमा सोको प्रभाव स्वरूप सङ्गठन संरचना र कार्य प्रकृतिका आधारमा सेवा प्रवाहमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा संलग्न रहने दक्ष कर्मचारीको आवश्यकता पहिचान गर्न संगठनबाट यथेष्ट गृहकार्य हुन सकेन भने सक्षम संगठन निर्माणमा अवरोध हुन सक्छ ।यसमा सम्वन्धित पक्ष सचेत हुनै पर्छ ।

बर्तमान अवस्थामा स्थानीय सरकारको सङ्गठन ढाँचाको स्वरूप अध्ययन गर्दा सेवाको प्रभावकारिताले भन्दा विस्तारित इकाइहरुबाट नै सेवा प्रदान गरिनुपर्ने मान्यतामा जोड दिने गरेको देखिन्छ । कार्यालय इकाइहरुको कार्य विवरण (terms of reference) नै नबनाइ तथा कार्यबोझ विश्लेषण नै नगरि सङ्गठन ढाँचा तथा कर्मचारिको आवश्यकता निर्कयौल गरिने अभ्यासका कारण सङ्गठनहरू क्रमशः बोझिलो र अनुत्पादन ईकाईका रूपमा विकसित हुने जोखिम बढदै गएको छ । स्थानीय तहले गर्ने भनी कानूनले तोकेको कार्यजिम्मेवारी बमोजिम नतीजा प्राप्तिको लागि तदनुरूप नै सङ्गठन संरचना तयार गरी दक्ष कर्मचारिको व्यवस्थापन गरिनु नै समाधानको मार्ग हो भन्न सकिन्छ ।

सङ्गठन संरचना तयारी र कर्मचारिको संख्याका सम्बन्धमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धि पछिल्ला सुझाव तथा रणनीतिहरु नगरपालिकाको खर्च मितव्ययिता र अधिकतम उपलब्धी हासिलसँग सम्बन्धित रहनु पर्ने औल्याईएको भएपनि सङ्गठन संरचना र कर्मचारिको संख्या कायम गरिंदा ती आधारहरु पूर्णतया अपनाइएको देखिंदैन । तदनुरूपको नतीजा प्राप्तिको लागि सङ्गठन संरचना तयार गरी दक्ष कर्मचारिको व्यवस्थापन गरिनुपर्ने खाँचो महसूस गरिएको छ ।

### २.३ सङ्गठन सुधारका मार्गदर्शन

नगरपालिकाको सङ्गठन सुधारका लागि सङ्गठन सम्बन्धी स्थापित निम्न मान्यता एवं सिद्धान्तहरुलाई मार्गदर्शनका रुपमा लिइएको छ ।

- आधारभूत सेवाको सुनिश्चिचता,
- सेवाको पहुँच र सेवाको गुणस्तर,
- उत्पादकत्व र कार्यकुशलता र मितव्ययीता,
- कार्य जिम्मेवारी र जवाफदेहिता,
- कार्यबोझ, जिम्मेवारी निर्वाह र कार्यसम्पादनका लागि सङ्गठनको ढाँचा (पिरामिड आकार),
- कर्मचारी समायोजनको आधार
- वृत्ति विकासको अवसर ।
- स्थान विशेषको विशिष्टता ।

### २.४ सङ्गठन र दरबन्दि सम्बन्धमा भएका विगतको अध्ययनको सुझाव

स्थानीय तहहरू सङ्घीय संरचनामा रूपान्तरण हुनु पूर्व तयार गरिएको सङ्गठन विकास कार्यक्रम २०७१ का सुझावहरू हालको अबस्थामा पनि सान्दर्भिक रहेकोले सो कार्यक्रमका प्रमुख बुँदाहरु प्रस्तुत गरिएको छ :

- नगरपालिकाले आफुलाई कानुनद्वारा सुम्पिएका जिम्मेवारीहरु पुरा गर्न सङ्घबाट उपलब्ध गराइने स्रोतको अतिरिक्त स्थानीयस्तरमा नै आवश्यक आर्थिक श्रोत सङ्कलन गर्ने र ऋण समेत लिन सक्ने सक्ने गरी वित्तिय अधिकारलाई सुनिश्चित गर्नुपर्ने ।
- नगरपालिका क्षेत्र भित्र कार्यरत सरकारी निकायहरु, गैर सरकारी संघसंस्थाहरु तथा सामुदायिक संस्था, औद्यागिक तथा व्यापारिक संस्थाहरुलाई योजना तर्जुमा, कार्यान्वयनमा सहजकर्ता, सहयोगी तथा समन्वयकारी भूमिका निर्वाह गर्न आवश्यक पर्ने सङ्गठन निर्माण गर्ने ।

- स्थानीय तहलाई दिएको अधिकार तथा जिम्मेवारी वहन गर्नका लागि स्थानीयस्तरमा पनि स्थानीय जनताको लागि सोच्ने र जवाफदेही वहन गर्न सक्ने संस्थागत संयन्त्र र कार्यगत संरचनाको निर्माण गर्ने ।
- नगरपालिकाले आफ्नो उद्देश्य तथा भूमिकालाई स्पष्टरुपमा किटान गरी आवश्यकता अनुसार विभिन्न शाखा तथा उपशाखाको स्थापना गरी सुव्यवस्थित तवरले कार्यसञ्चालन गर्ने ।
- जनशक्तिको सहज व्यवस्था र ती निकायमा कार्यरत कर्मचारीहरुको बृति विकास समेतका लागि नगरपालिकाको सङ्गठन संरचना र दरबन्दी पुनरावलोकन गरी यसको संस्थागत क्षमतामा समयानुकुल सुधार एवं परिमार्जन गर्नुपर्ने ।

## परिच्छेद ३

## विश्लेषण तथा दरबन्दी प्रस्ताव

### ३.१ सङ्गठन संरचना र दरबन्दी

माथिका परिच्छेदहरुमा उल्लेख गरिएका मार्गदर्शक नीति, अन्तर्राष्ट्रिय प्रचलन तथा सङ्गठन व्यवस्थापनका सिद्धान्तहरुका अतिरिक्त पालिकाबाट प्रतिपादित नीतिलाई आधार लिएर नगरपालिकाले सम्पादन गर्नु पर्ने कार्य तथा सेवाका लागि शाखा, उपशाखा र इकाइहरु रहेको सङ्गठन संरचना प्रस्ताव गरिएको छ । प्रस्तावित सङ्गठन स्वरुप तयार गर्दा तल लेखिएका विषयलाई आधार बनाइएको छ ।

#### ३.१.१ संविधान र कानूनले प्रत्याभूत गरेको कार्य क्षेत्र

- संविधानको धारा ५६ को उपधारा १ देखि ६ मा उल्लेखित व्यवस्था अनुसार ३ तहको सरकारको अवधारणा अनुसार गाँउपालिका तथा नगरपालिकाहरूले स्थानीय सरकारको स्वरुपमा संवैधानिक हैसियतमा काम गर्दछन,
- संविधानको भाग ५ को धारा ५७ को उपधारा ४ वमोजिम स्थानीय तहले आफ्नो अधिकारका विषयमा कानून बनाउन सक्दछ,
- धारा २१४ अनुसार स्थानीय तहको कार्यकारिणी अधिकार गाँउ कार्यपालिका तथा नगर कार्यपालिकामा निहित रहने प्रावधान रहेको,
- धारा २१८ अनुसार गाँउ कार्यपालिका तथा नगर कार्यपालिकाले आफ्नो कार्य संचालनकालागि कार्यपालिकाबाट कार्य विभाजन तथा कार्य सम्पादन नियमावली बनाउन सक्ने,
- धारा २२१ अनुसार व्यवस्थापकीय अधिकार गाँउसभा र नगरसभामा निहित रहने व्यवस्था गरेको छ ।संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारका २२ वटा विषय र अनुसूची ९ मा संघ,प्रदेश र स्थानीय तहको साझा अधिकारका १५ बटा विषयहरू निर्धारण भएको छ ।
- धारा २२६ ले स्थानीय तहका गाँउसभा तथा नगरसभाले अनुसूची ८ र ९ बमोजिमका सूचीमा उल्लेखित विषयमा कानून बनाउन सक्ने अधिकार प्रत्याभूत गरेको छ ।
- सोही अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ ले समेत स्थानीय सरकारको जिम्मेवारीका कार्यक्षेत्र र कामको विस्तृत व्याख्या गरेको छ ।

- यस आधारमा नेपालको संविधान र संघीय कानूनले स्थानीय तहलाई स्थानीय सरकारको स्वरूपमा स्वीकार गरेको छ ।

### ३.१.२ नगरकार्यपालिका कार्यालय र वडा कार्यालय बीच प्रशासनिक तथा आर्थिक सम्बन्ध

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १२ को उपदफा १ मा वडा समितिको काम कर्तव्य र अधिकार कार्यपालिकाले तोके बमोजिम हुने र दफा २ मा कार्यपालिकाले काम कर्तव्य र अधिकार तोक्दा देहाय बमोजिम तोक्नु पर्नेछ भनी उपशिर्षक (क) देखि (ङ) सम्मका ५ बुँदामा वडा समितिको काम कर्तव्य र अधिकारको सीमा तोकेको छ । यसलाई आधार मानी नगरकार्यपालिका र वडाको कार्य सीमा तय गर्नु पर्दछ । नगरकार्यपालिकाले आफुमा निहित थप अधिकार वडालाई प्रत्यायोजन गर्न सक्दछ ।

वडामा आवश्यक कर्मचारीहरूको खटनपटन लगायत उनीहरूको तलव भत्ता, सुविधा,कार्यालय संचालनका सवै खर्चको व्यवस्थापन कार्यपालिकाबाट नै हुदै आएको छ । वडाबाट प्रदान गरीने विभिन्न सिफारिस तथा प्रमाणीकरणहरूबाट नगरसभाले स्वीकृत गरेको दरमा राजस्व आय सङ्कलन हुने र नगरकार्यपालिकाबाट प्रत्यायोजित अधिकार बमोजिम सम्पत्ती कर, वहाल कर, व्यवसाय कर, मालपोत रकमहरू सङ्कलन गरी संकलित राजस्व रकम नगर कार्यपालिकाको आम्दानी खातामा दाखिला गर्ने गरिएको छ । वडाले आफुले सङ्कलन गरेको राजस्वको विवरण लगायत सम्पादित कामको मासिक, चौमासिक तथा बार्षिक प्रतिवेदन नियमित रुपमा नगर कार्यपालिकालाई पठाउनु पर्दछ ।

नगर कार्यपालिकाबाट वडालाई सेवा प्रवाह, विकास निर्माण,नियमन कार्य लगायतका विषयमा सहजीकरण गरि निर्देशन दिने तथा आवश्यकताका आधारमा प्रशासनिक र प्राविधिक सहयोग प्रदान हुने गरेको छ । वडाले कार्यपालिकाबाट प्राप्त निर्देशनलाई मार्गदर्शनका रूपमा ग्रहण गर्नु पर्दछ । कार्यपालिकाबाट नीति, मार्गदर्शन, प्रशासनिक खर्च तथा विकास बजेटको व्यवस्थापन गर्ने र वडाबाट संकलित राजश्व समेतको आधारमा थप श्रोत साधन व्यवस्थापन गर्नु पर्दछ ।

वडा कार्यालय जनताका आधारभूत सेवा प्रवाह, नियमन, वडा स्तरीय विकास निर्माण कार्यक्रम संचालन, समन्वय र अनुगमन गर्ने एवं राजस्व सङ्कलनको ईकाइको रूपमा रहेको छ । वडा कार्यालयको आर्थिक तथा प्रशासनिक नियन्त्रण नगर कार्यपालिकाको कार्यालयबाट नै हुदै आएको अवस्था विद्यमान छ ।

### ३.१.३ कार्यपालिकाको कार्यालयको शाखाको कार्य विवरण

नगर कार्यपालिकाले वनाएको कार्यविभाजन नियमावलीमा उल्लेख भए अनुसार सङ्गठन अन्तर्गतका शाखाहरूको कार्यविवरण निर्धारण गरिएका छन । सो बमोजिम सम्वन्धित शाखाका शाखा प्रमुखहरूले आफु मातहत रहेका उपशाखा तथा ईकाइहरूको कार्यलक्ष्य, कार्य प्रगति, कार्य समन्वय, र कर्मचारी मूल्याङ्कन समेतको आधारमा समीक्षा प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर कार्यपालिकामा पेश गर्नुपर्दछ । प्रमुख प्रशासकीय अधिकृत कार्यालयको प्रशासनिक प्रमुख समेत रहेकोले मातहत सवै तहका कर्मचारीहरूको कार्यविवरण तयार गरी उपलव्ध गराउने र निर्देशन अनुसार कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

### ३.१.४ संघ र प्रदेशसँग सम्बन्ध र अन्तर्राष्ट्रिय सम्बन्ध

स्थानीय सरकारले संघ र प्रदेश सरकारका कानूनसँग नबाझिने गरी मात्र कानून बनाउनु पर्दछ । संविधानको धारा २२६ को उपधारा १ का विषयमा कानून बनाउँदा उपधारा २ अनुसार प्रदेश कानून वमोजिम बनाउनु पर्ने स्पष्ट व्यवस्था भएको छ । स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९ अनुसार प्रदेश सरकारले कुनै गाँउपालिका वा नगरपालिकाको ऐतिहासिक महत्व, पुरातात्विक वस्तु,कला संस्कृतिको संरक्षण वा पर्यटन प्रवर्द्धन गर्न आवश्यक

देखेमा मापदण्ड र चारकिल्ला खोली साँस्कृतिक वा पर्यटकीय क्षेत्र तोकेमा त्यसको पालना र व्यवस्था स्थानीय तहले गर्नु पर्नेछ ।

संविधानको अनुसूची ९ मा उल्लेख भएका तीनै तहका सरकारका साझा अधिकारका विषयमा संघ, प्रदेश र स्थानीय तहले कामको सीमा र कार्यान्वयनको स्वरुप निर्धारण गर्नु पर्नेछ । साथै संविधानका धारा ५० र ५१ अनुसार राज्यका निर्देशक सिद्धान्त र राज्यका नीतिहरूको सम्मान पालना गर्नु स्थानीय तहको कर्तव्य हुनेछ । राज्यको नीति र कानूनको अधिनमा र अन्तर्राष्ट्रिय सम्बन्ध वा भगिनी सम्बन्ध कायम गर्न सकिने छ ।

नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन,२०७४ अनुसार स्थानीय सरकारले आफुलाई तोकिएका कतिपय अधिकारहरूको प्रयोग गर्दा संघ र प्रदेशको समन्वय र सहकार्यमा संघ र प्रदेश कानूनको अधिनमा रही गर्नु पर्ने तथा संघ वा प्रदेशले कुनै अधिकार वा जिम्मेवारी कानूनद्वारा प्रदान गर्न सक्ने व्यवस्था गरेको सन्दर्भमा तीनै तहका सरकार एक अर्काका पूरकका रूपमा संविधान र प्रचलित कानूनले स्वीकार गरेको छ ।

### ३.१.५ मूलभूत कार्यहरू र सहायक कार्यहरू

विकास निर्माण, सुशासन र सेवा प्रवाह, सरसफाई, वातावरण, वित्त व्यवस्थापन, राजस्व सङ्कलन र परिचालन, कर शुल्क दस्तुर सङ्कलन तथा ऋण लिने, शिक्षा, स्वास्थ्य, सहकारी, उद्योग व्यवसाय, वजार नियमन तथा नियन्त्रण, शान्ति व्यवस्था, भूमि व्यवस्था आदि कार्यहरू गर्नै पर्ने प्रमुख कार्यहरू ( Core functions ) अन्तर्गत पर्दछन किनकी योसम्वन्धित नगरपालिकाको जनता, सेवाग्राही र सरोकारवालाले तथ्यगत रुपमा अनुभूत गर्दछन् । सहायक कार्यहरू ( Non-core functions ) मूलभूत कार्यहरूलाई प्रभावकारी, कृयाशील र सहज बनाउने उद्देश्य र लक्ष्यमा आधारित रहेका हुन्छन ।

### ३.२ कार्य जिम्मेवारीको वर्गीकरण

नेपालको संविधानबाट सूचिकृत गरेको स्थानीयतहको अधिकार सूचि सम्बद्ध कार्य जिम्मेवारी विश्लेषणका लागि देहाय बमोजिम कार्यहरूको वर्गीकरण गरिएको छ ।

#### क) नीति निर्माण, नियमन तथा अनुगमन कार्यहरू

यी कार्यहरू अन्तर्गत स्थानीय विकास नीति, कानुन, मापदण्ड तथा नियमन ढाँचा निर्माण गरी कार्यान्वयन गराउने र अनुगमन गर्ने कार्यहरू पर्दछन् । संविधानतः स्थानीयतहले स्थानिय नीति निर्माणसँग सम्बन्धित कार्यहरूको जिम्मेवारी निर्धारणा गरिएकाले सोही अनुसारको संरचना र कर्मचारीको व्यवस्था हुनु आवश्यक हुन्छ ।

#### ख) प्रशासकीय तथा सेवा प्रवाहको लागि आवश्यक कार्यहरू

क्षेत्रगत नीति तथा कानूनहरूलाई सेवा प्रवाह तहमा परिणत गर्न विभिन्न प्रशासकीय व्यवस्थाहरू र आधारहरू तयार गर्नु पर्दछ । सेवा प्रवाहको लागि गरिने भौतिक, आर्थिक र मानवश्रोतको व्यवस्था, सेवा तथा वस्तुको खरिद र वित्तीय व्यवस्थापन जस्ता महत्वपूर्ण पक्षहरूले प्रशासकिय संरचना र कर्मचारीको दायित्व सृजना गर्दछ ।

#### ग) पूर्वाधार निर्माण सम्बन्धी कार्यहरु

गाउँस्तरका यातायात, विद्युत, सिंचाइ, खानेपानी सेवा लगायतका पूर्वाधार तथा विकास निर्माण सम्बन्धी कार्यहरुका लागि विभिन्न तहमा आवश्यक जनशक्ति र सङ्गठन सम्बन्धी पूर्वाधारहरुमा हुने व्ययभार पर्दछन ।अतः संगठनात्मक संरचनाको अवधारणा बनाउदा जनस्तरको आवश्यकताका साथै जनतासंग सम्बन्धित प्रत्यक्ष सेवा प्रवाहका कार्यहरूलाई समेत आधार मानी संरचना निर्माण तथा कर्मचारीको व्यवस्था गरिनु पर्दछ ।

### ३.३ कार्यबोझ विश्लेषणको अवस्था र नगरपालिकाको कार्य जिम्मेवारी

चन्दननाथ नगरपालिकामा हाल कायम प्रत्येक शाखा र अन्तर्गतका उपशाखा वा इकाइहरुको छुट्टा छुट्टै कार्यबोझको अध्ययन एवम् विश्लेषण भइसकेको छैन । नगरपालिकाको बार्पिक नीति तथा कार्यक्रम र वार्षिक बजेट बक्तव्य मार्फत जाहेर भएका प्रतिबद्धताहरु पूरा गर्न गठन भएका वा स्थापना गरिने नयाँ इकाइ तथा संरचनाहरुबारे पूर्व तयारी र सो सम्बन्धी कार्यबोझ विश्लेषण भएको देखिंदैन । त्यस्तै विद्यमान दरबन्दी र कर्मचारी समायोजन पछिको अवस्था विश्लेषण गर्दा सङ्गठन संरचना, तहगत र श्रेणीगत दरबन्दी विचमा तालमेलको कमि नै रहेको देखिन्छ।

विषयगत शाखाहरुले अघिल्ला वर्षहरुमा सम्पादन गरिआएका कार्यहरु र प्रदान गरिआएका सेवाहरुलाई आधार मानी व्यवहारिक ढङ्गबाट विभिन्न शाखा उपशाखाहरुमा आवश्यक दरबन्दीका लागि गृहकार्य गरिएको देखिन्छ । यी कमजोर पक्षलाई सम्बोधन गर्दै प्रस्तुत विश्लेषणका आधारमा दरबन्दी प्रस्ताव गरिंदा संघ, प्रदेश र स्थानीय कानूनले स्थानीय तहलाई प्रदान गरेका अधिकार तथा कार्य जिम्मेवारीलाई प्रमुख आधार लिईएको छ ।

- नगरपालिकाको विभिन्न शाखाहरुबाट भइ आएको वर्तमान कार्य सम्पादन,
- कार्यालय र वडा कार्यालयहरुको भौतिक तथा जनशक्ति क्षमता,
- प्रत्येक शाखा तथा इकाइहरुको कार्यबोझ,
- प्रमुख, उपप्रमुख, वडाध्यक्षहरु र कार्यपालिकाका सम्बद्ध पदाधिकारीको कार्यबोझ,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले सम्पादन गर्नुपर्ने काम कर्तब्य सम्बन्धी कार्यबोझलाई मूल आधार मानिएको छ ।

### ३.४ सङ्गठन संरचना र दरबन्दी प्रक्षेपणका आधार

सङ्गठन संरचना तथा  कर्मचारी संख्या निर्धारण र प्रक्षेपणका लागि देहायका आधारहरु लिइएको थियो ।

### ३.४.१ नगरपालिकाले सम्पादन गर्नुपर्ने कार्य

सङ्गठन संरचना निर्धारण, कर्मचारी संख्या निर्धारण र भइरहेको कर्मचारीको समायोजन व्यवस्थापनका लागि नगरपालिकाले विधानतः सम्पादन गर्नुपर्ने विस्तारित समूहकृत कार्यसूची (अनुसूची(१) लाई आधार मानिएको थियो । नगरपालिकाले सम्पादन गर्नुपर्ने कार्यहरू र शाखागत कार्यबोझ विश्लेषणका लागि विभिन्न प्रश्नसूचीहरु (फर्मेट १ र १.१) तयार गरी सूचना लिइ विश्लेषण गरिएको थियो ।

### ३.४.२ बर्तमान दरबन्दीको अबस्था र कार्य सम्पादन

चन्दननाथ नगरपालिकाको लागि पछिल्लो स्वीकृत दरबन्दी विवरण अनुसार विभिन्न श्रेणी र तहका पदहरू गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आ.व.२०७४।७५ मा उपलब्ध गराएको अस्थायी संगठनात्मक ढाँचा र दरबन्दी विवरण अनुसार कार्यपालिकाको कार्यालयका लागि प्राविधिक ४ र अप्राविधिक १३ गरी २८ र १० वडाका लागि प्राविधिक १० र अप्राविधिक १० गरी जम्मा २० गरी जम्मा ३८ दरबन्दीको सीमा तोकेको थियो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध गराईएको जनसंख्यामा आधारित नगरपालिकाको दरबन्दीको विवरण अनुसूची १० मा राखिएको छ । सो दरबन्दी विवरणमा कार्यालय सहयोगी, सवारी चालक, सरसफाई जस्ता सहयोगि भूमीकामा रहने श्रेणीविहीन पदहरू समावेश गरिएका छैनन ।

सङ्घीय प्रणाली कार्यान्वयन गर्न स्थानीय सरकारको प्रशासनिक संरचना निर्धारण गर्ने कार्य चुनौतिपूर्ण रहेको छा।स्थानीय सरकारले सम्पादन गर्नु पर्ने कार्यहरूको लागि मौजुदा साङ्गठनिक संयन्त्र र कर्मचारीहरूको व्यवस्थालाई

समेत विश्लेषण गरी न्यूनतम एवम् अविच्छिन्न सेवाको सुनिश्चितता हुने गरी सङ्गठनात्मक संरचना र कर्मचारी दरबन्दी प्रस्ताव गरिएको छ ।

### ३.४.३ जनसंख्या र कर्मचारीको अनुपात

चन्दननाथ नगरपालिकाले सेवा पुर्‍याउनु पर्ने भौगोलिक क्षेत्रको आकलन गर्दा १०२.०३ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको नगरपालिका हो । वडा स्तरमा सेवा पुर्याउनु पर्ने जनसङ्ख्याको दृष्टिले १० वडा रहेको यस नगरपालिकाको कुल जनसंख्या २१०३६ (जिल्ला वस्तुगत विवरण २०८०) रहेको छ जस मध्य पुरुषको जनसंख्या १०३९९ र महिला जनसंख्या १०६३७  र कुल घरधुरी संख्या ११०६६ रहेको छ ।

## ३.५ सङ्गठन संरचना प्रस्ताव

माथी विभिन्न परिच्छेदहरुमा गरिएका विश्लेषण र नगरपालिकाको बर्तमान आवश्यकता अनुरुप प्रस्ताव गरिएको सङ्गठनको ईकाइको सङ्गठन संरचना ढाँचाहरु र आवश्यक तहगत दरबन्दी संख्या अनुसूचि (२ मा राखिएको छ । कार्य जिम्मेवारीको हिसाबले कार्य क्षेत्र विस्तार भए पनि दक्ष र चुस्त कर्मचारी संयन्त्र बन्न सकेमा कर्मचारी संख्या कम गरेर पनि सेवा प्रवाह र विकास निर्माणमा गतिशलता दिन सकिने गरी कर्मचारी दरबन्दी, शाखा (इकाइ समेत) प्रस्ताव गरिएको छ ।

प्रस्तावित सङ्गठन संरचना अनुसार कार्यपालिकाको कार्यालयमा रहने ९ वटा शाखा, शाखा सरहको  उपशाखा २३ समेत कुल ३२ ईकाइ हुन आउँछ ।यस वाहेक १० वडा कार्यालय, स्वास्थ्य चौकी ३ र १ स्वास्थ्य केन्द्र, ५ वटा आधारभूत स्वास्थ्य केन्द्रसमेत जोडदा कुल ईकाइ ५१ हुन आउँछ । प्रस्तावित सङ्गठन संरचना अनुसार कार्यपालिकाको कार्यालय तर्फ ८७, वडा कार्यालय तर्फ ४०, सवै वडामा विस्तार हुने आधारभूत स्वास्थ्य सेवा तर्फ ३६ नगर कार्यपालिकाको कार्यालय अन्तरगत कुल कर्मचारी दरबन्दी संख्या १६३ रहने गरी प्रस्तावित गरिएको छ । उल्लेखित दरबन्दी अन्तर्गत नै श्रेणी विहीन पदहरू कार्यालय सहयोगी, फायरमेन र हल्का सवारी चालकको दरवन्दी रहेको छ । उल्लेखित दरबन्दीमा समावेश नभएका तर कार्यालयको सरसफाइ, बगैंचा हेरचाह र अन्य नियमित मर्मत सम्भार जस्ताका कामका लागि वाह्य सेवा करारबाट सेवा लिने सरकारी नीति रहेकोले यसका लागि अलग दरबन्दी प्रस्ताव गरिएको छैन ।

## ३.६ कार्य विवरण

नेपालको संविधान अनुसारको अनुसूची ८ र ९ मा उल्लेखित कार्यसूची अनृसार सङ्घीय तथा प्रदेश कानून बमोजिमका कार्य जिम्मेवारी र कार्यक्षेत्रको दायरामा रही स्थानीय सरकार संचालन ऐन २०७४ को अन्य व्यवस्थाका साथै परिच्छेद ३ को दफा ११ मा उल्लेख भएको नगरपालिकाको काम, कर्तव्य र अधिकारको कार्यान्वयनका लागि नगरपालिकाको साङ्गठनिक संरचनामा प्रस्ताव भएका शाखा (उपशाखा सहित) को कार्य जिम्मेवारी सम्वन्धी विवरण अनुसूचि ६ मा राखिएको छ ।

## ३.७ आर्थिक व्ययभार

कर्मचारीको प्रस्तावित दरबन्दीको लागि तहगत तलवमानका आधारमा व्यहोर्नु पर्ने तलब भत्ता क.सं.कोष लगायतका दायित्व सहितको वार्षिका व्ययभार देहायका आधारहरुमा विश्लेषण गरिएको छ ।

- आव ०७६।७७ देखि लागु भएको नयाँ तलबमानमा आधारित रहेको।
- आवश्यक तलब खर्च हिसाव गर्दा १ वर्षका लागि १४.२ महिनाको गणना गरिएको ।
- निवृत्तिभरणको लागि आवश्यक पर्ने खर्च विश्लेषण नगरिएको ।

नयाँ संगठन ढाँचाका आधारमा प्रस्ताव गरिएको सवै तहको दरबन्दी संख्या १६३ का लागि लाग्ने वार्षिक तलब खर्च रु. ७ करोड १९ लाखा ६३ हजार ७ सय हुन आउँछ । यस सम्वन्धमा तहगत तलवमानका आधारमा  लाग्ने बार्षिक व्ययभार विवरण अनुसूची ७ यसैसाथ संलग्न रहेको छ ।

## परिच्छेद ४

## मूख्य सुझावहरु

संविधानको धारा २३२ (१) ले संघ, प्रदेश र स्थानीय तह विचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने स्पष्ट व्यवस्था गरेको छ । मूलरुपमा संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीयतहका अधिकार सूचीसँग सम्बन्धित सेवाहरुलाई नै प्राथमिकतामा राख्ने र सोका लागि मात्र कार्यपालिकामा शाखा इकाइहरु खडा गर्नु बाञ्छनीय छ ।

चन्दननाथ नगरपालिका आगामी केही वर्षहरुमा नगरपालिका स्तरमा वर्गीकरणमा उक्लन आवश्यक पूर्वाधारहरुको पूर्वशर्तहरु पूरा गर्नसक्ने सम्भावनालाई दृष्टिगत गरी सङ्गठनको ढाँचा accommodative राख्ने प्रयास गरिएको छ । प्रस्ताव गरिएका दरबन्दीहरु शाखागत कार्यबोझका आधारमा स्वीकृत गर्दै जानु उपयुक्त हुन्छ ।

सेवा प्रवाहमा चुस्ती र प्रभावकारीता भन्दा पनि कर्मचारीको बृत्ती विकासलाई प्राथमिकता दिइ दरबन्दीको प्रस्ताव गरिने परम्परागत सोचाइमा परिवर्तन गरि सङ्गठन निर्माण गर्दा बर्तमान कार्य जिम्मेवारी, दक्षता, क्षमता आदिको पर्याप्त विश्लेषण र उपलब्ध श्रोतसाधनका आधारमा सङ्गठन सम्बन्धी दायित्व निर्माण गर्ने तर्फ सोच राखिनु पर्छ । स्थानीय तहले सम्पादन गर्ने कार्यहरुको लागि आवश्यक पर्ने ज्ञान, सीप विश्लेषण गरी कर्मचारीको क्षमताको खाकाको आधारमा कर्मचारीको भर्ना, पदस्थापन,  परिचालन तथा वृति विकासको प्रक्रिया निर्धारण गरिनु पर्दछ ।

हालैको समायोजनमा स्थानीय तह रोजेर आएका कर्मचारीहरूको अनुभव, योग्यता तथा क्षमताको उपयोग गरी सकेसम्म नगरपालिकाको सङ्गठनात्मक ढाँचा भित्र अटाउने गरी पद सोपान मिलाउन प्राथमिकता दिइनु पर्छ ।कर्मचारीको व्यवस्थापन गर्दा अविच्छिन्न रुपमा सेवा प्रवाह हुने गरी अधिकृतमुखी प्रशासन र बहुजिम्मेवारीको अवधारणा अनुरुप संगठन संरचनाको स्वरूपलाई आधार लिनु उपयुक्त हुन्छ ।

स्थानीय तहका कर्मचारीहरुको सेवा र शर्तका विषय र छनौट तथा नियुक्ति लगायतका विषयमा प्रत्यक्ष भूमिका रहने प्रदेश लोकसेवा आयोग गठन सम्वन्धमा प्रदेश सभाबाट कानून तर्जुमा भई प्रदेश लोक सेवा आयोगको गठन भई सकेकोले सो सम्वन्धि आधार र मापदण्ड छिटै निर्धारण हुने अपेक्षा गरिएको छ ।

स्वास्थ्य सेवा तर्फ कतिपय अत्यावश्यक सेवाहरू सन्तोषजनक रूपमा प्रवाह गर्न बर्तमान श्रोत साधन तथा जनशक्तिबाट सम्भव नहुँदा ती सेवाहरुका लागि छुट्टै इकाइ तथा जनशक्ति व्यवस्थापनको सट्टा वाह्य विज्ञ तथा निजी क्षेत्रसंग सहकार्य गरी साझेदारीमा लिने नीति किफायती हुने देखिन्छ ।

स्थानीय तहका कर्मचारीहरुको शासकीय व्यवस्थापन तथा सेवा सम्बन्धी विविध विषयमा क्षमता विकासका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्न प्रदेश सरकारको नीति अनुरुप प्रदेशस्तरका मानव संशाधन विकास सम्बन्धी निकायहरुसंग सहकार्य र समन्वय गरिनु उपयुक्त देखिन्छ।

श्रेणीबिहीन पदहरु तर्फ हलुका तथा हेभी सवारी चालक, कार्यालय सहयोगी, फायरम्यान,  र नगर प्रहरी न्यूनतम रूपमा रहने गरी प्रस्तावित गरिएको छ । यस बाहेक कार्यालयका लागि पालोपहरा, सरसफाई , बगैंचा हेरचाह जस्ता काम लगायत धारा, पानी, विद्युत र विद्युतीय उपकरण, कम्प्युटर, फोटोकपी मेशीन मर्मत स्याहार सम्भार सेवाहरु संस्थागत वा व्यक्तिगत रूपमा दक्षबाट बाह्य करारमा लिइनु उपयुक्त र प्रभावकारी हुन्छ ।

प्रस्तुत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनले सुझाव गरेको सङ्गठन तालिका नगरसभाबाट (ऐनको दफा ११ (ड.) ४ अनुसार) स्वीकृत गराई कार्यान्वयनमा लैजाने र संविधानको धारा २१८ अनुसार कार्य संचालन नियमावली बनाइ लागु गरिनु पर्छ ।

## अनुसूचीहरु


### अनुसूची १ : नगरपालिकाले सम्पादन गर्नुपर्ने कार्यहरु

| |
|---|
| **अत्यावश्यक** |
| अग्नीशमन यन्त्र संचालन तथा व्यवस्थापन |
| एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन |
| शव व्यवस्थापन (वेवारिश समेत), शव दाहगृह, शवदाहस्थल, चिहान र शव वाहन संचालन तथा व्यवस्थापन |
| महामारी, सरूवा रोग नियन्त्रणमा सहयोग र समन्वय |
| फोहरमैला व्यवस्थापन ) संकलन,पुनर्उपयोग,प्रशोधन, विसर्जन लगायत जनचेतना अभिबृद्धि |
| <u>नगर प्रहरी</u><br>• नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन (संघीय तथा प्रदेश कानून)<br>• नगर ट्राफिक व्यवस्थापन ( पार्किङ , अनुमति , संकेत चिन्ह , समन्वय र साझेदारी )<br>• नागरिक सुरक्षा ( व्यक्तिगत सुरक्षाकर्मी ) |
| नगर यातायात सेवा संचालन |
| सार्वजनिक शौचालय निर्माण संचालन |
| पशुवधशाला निर्माण तथा संचालन |
| खाद्य गुणस्तर ) खाद्यान्न र खाद्य पदार्थको गुणस्तर नापतौल,मासुजाँच लगायत( |
| उपभोक्ता हित संरक्षण ( उपभोक्ताको हित सम्वन्धी सवै पक्षहरू ) |
| व्यक्तिगत घटना दर्ता जन्म), मत्यु, विवाह सम्वन्ध विच्छेद ,वसाई सराई,आदि( |
| विपद् जोखिम न्यूनीकरण, खोज तथा उद्धार सहयोग (DRR Plan श्रोत साधनको व्यवस्था, समन्वय,पूर्व सूचना प्रणाली स्थापना( |
| प्रकोप तथा महामारी नियन्त्रणमा सहयोग र समन्वय (कृषि तथा पशुपंछीजन्य समेत) |
| **आवश्यक** |
| स्थानीय खानेपानी सेवा व्यवस्थापन कार्यान्वयन र नियमन |
| ढल व्यवस्थापन(सतह ढल समेत) |
| स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन |
| स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी कार्यक्रम तर्जुमा ,कार्यान्वयन र नियमन |
| स्थानीय तटबन्ध, नदी तथा पहिरो नियन्त्रण रोकथाम तथा नदी व्यवस्थापन र नियमन |
| <u>शिक्षा</u><br>• विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, प्राविधिक शिक्षा<br>• शैक्षिक पूर्वाधार निर्माण र मर्मत संभार<br>• छात्रवृत्तिको व्यवस्थापन |

| |
|---|
| • स्थानीय पुस्तकालय र वाचनालय सञ्चालन तथा व्यवस्थापन |
| स्वास्थ्य र सरसफाई<br>• आधारभूत स्वास्थ्य र सरसफाई सेवा संचालन<br>• अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन<br>• स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास<br>• सुर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण<br>• ध्वनी, वायु प्रदुषण नियन्त्रण |
| स्थानीय सामाजिक सुरक्षा<br>• जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन<br>• वालगृह, सेवा आश्रम, वृद्ध आश्रम संचालन |
| सार्वजनिक खाली जग्गा सम्भार र उपयोग तथा व्यवस्थापन |
| पञ्जीकरण व्यवस्थापन<br>स्थानीय तहको तथ्याङ्कीय अभिलेख व्यवस्थापन |
| **विकास तथा प्रवर्द्धन सेवा** |
| कृषि<br>• कृषि तथा पशुपन्छी बजार तथा हाटबजार पूर्वाधार निर्माण<br>• सूचना,तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा |
| औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्र सम्बन्धी |
| स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी नियमन |
| एफरेडियो सञ्चालन अनुमति .एम ., नवीकरण र नियमन |
| शहर सौन्दर्यीकरण<br>• सार्वजनिकस्थल, पार्क, उद्यान, जैविक विविधता व्यवस्थापन<br>• सडक किनार वृक्षारोपण व्यवस्थापन र हरियाली प्रवर्द्धन<br>• साइनबोर्ड, होर्डिङ्बोर्ड व्यवस्थापन<br>• सँस्कृति प्रदुषण नियन्त्रण |
| प्राणी उद्यान स्थापना र सञ्चालन (चिडियाखाना) |
| क्रीडा मनोरंजनस्थल संचालन |
| सामुदायिक, धार्मिक वन व्यवस्थापन |
| विपदव्यवस्थापन, पुनर्निर्माणःस्थापन र पुनः |
| भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |
| पुरातत्व, प्राचीन स्मारक र संग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास |

| |
|---|
| परम्परागरत जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन |
| स्थानीय गुठी व्यवस्थापन |
| भूउपयोग |
| राष्ट्रिय भवन संहिता र मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन |
| **क्षमता विकास कार्यक्रम** |
| **स्रोत साधन परिचालन र व्यवस्थापन सेवा** |
| कर, शुल्क, दैदस्तुर संकलन व्यवस्थापन |
| विभिन्न Office Automation System स्थापना |
| **प्रकृयागत सेवा** |
| घर निर्माण अनुमति |
| सबै प्रकारका सिफारिशहरू |
| तथ्यांक व्यवस्थापान |
| Online सेवा संचालन |
| आवधिक, रणनितिक, वार्षिक योजना तर्जुमा |
| गैसस, सामुदायिक संस्था,क्लव सम्बन्धी |
| **संगठन संरचना सम्बन्धी** |
| संगठन संरचना निर्माण अध्ययन |
| कर्मचारी व्यवस्थापन |
| कर्मचारी ट्रेड युनियन सम्बन्ध समन्वय |
| **सम्बन्ध, समन्वय सम्बन्धी सेवा** |
| राजकीय अतिथी, विदेशी पाहुना सत्कार |
| क्षेत्रीय तथा अन्तरराष्ट्रिय सम्बन्ध समन्वय |
| कुटनैतिक नियोग सम्बन्ध समन्वय |
| अन्तर प्रदेश, अन्तरमहानगर, महानगर नगर सम्बन्ध |
| **न्यायिक प्रणाली** |
| न्यायिक समितिको सचिवालय व्यवस्थापन |
| उजुरी गुनासो दर्ता, अभिलेख व्यवस्थापन |
| **व्यवस्थापकीय सेवा** |
| सभा तथा बैठक व्यवस्थापन |
| मर्यादापालन र मर्यादा पालक सम्बन्धी काम |
| स्थानीय कानून मस्यौदा तर्जुमा |
| नगरपालिका गजेट प्रकाशन |
| **सुपरिवेक्षण तथा अनुगमन र नियमन सम्बन्धी कामहरू** |

## अनुसूची २ : चन्दननाथ नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको नयाँ संगठन संरचना



**नगरकार्यपालिकाको कार्यालयको नयाँ संगठनात्मक ढाँचामा आधारित प्रस्तावित दरवन्दी विवरण**

## क) नियमित सेवा तर्फ कायम रहने दरवन्दी विवरण


| *सिनं* | *शाखा, उपशाखातथा इकाई* | *तह* | *पद तथा सेवा समूह* | *प्रस्तावित दरवन्दि* | *कैफियत* |
|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | नवौ । दसौ | प्रशासन/सा.प्र. | १ | |
| २ | अधिकृत | नवौ । दसौ | शिक्षा | १ | |
| ३ | सि डि ई | इन्जिनियरिङ्ग | सिभिल | १ | |
| ४ | प्रशासन,सा.प्र | सातौ आठौ | अधिकृत प्रशासन/सा.प्र. | १ | |
| ५ | प्रशासन लेखा | सातौ आठौ | लेखा | १ | |
| ६ | अधिकृत | सातौ आठौ | शिक्षा | १ | |
| ७ | इन्जिनियर | सातौ आठौ | इन्जि । सिभिल | १ | |
| ८ | जन स्वास्थय अधिकृत | सातौ आठौ | ज स्वा | १ | |
| ९ | अधिकृत | छैटौ | प्रशासन सा प्र | २ | |
| १० | आ ले प अधिकृत | छैटौ | लेखा | १ | |
| ११ | प हे न | ५।६ | स्वास्थ्य क न | १ | |
| १२ | हे अ | ५।६ | हे इ | १ | |
| १३ | सहायक | ५ | प्रशासन सा प्र | ५ | |
| १४ | लेखापाल | ५ | प्रशासन लेखा | १ | |
| १५ | प्रा स | ५ | शिक्षा | १ | |
| १६ | म वि नि | ५ | विविध | १ | |
| १७ | सव इन्जिनियर | ५ | इन्जि सिभिल | २ | |
| १८ | कम्प्युटर अपरेटर | ४ | विविध | १ | |
| १९ | अमिन | ४ | इन्जि सर्भे | १ | |
| २० | सहायक | ४ | प्रशासन सा प्र | १ | |
| २१ | स ले पा | ४ | प्रशासन लेखा | १ | |
| २२ | स म वि नि | ४ | विविध | १ | |
| २३ | आर्थिक विकास शाखा र कृषि विकास | सातौआठौ | अधिकृत, कृषि/कृ.प्रसार | १ | |

| सिनं. | शाखा, उपशाखातथा इकाई | तह | पद तथा सेवा समूह | प्रस्तावित दरवन्दि | कैफियत |
|---|---|---|---|---|---|
| | उपशाखा | | | | |
| २४ | कृषि विकास उपशाखा | पाँचौ | कृषि प्राविधिक, कृ.प्रसार | २ | |
| २५ | कृषि विकास उपशाखा | चौथो | कृषि प्राविधिक, बालिसं रक्षण | १ | |
| २६ | पशुपन्छी विकास उपशाखा | नबौ/दशौ | अधिकृत(पशुविकास) ,कृषि/पशुस्वा. | १ | |
| २८ | पशुपन्छी विकास उपशाखा | पाँचौ | पशु प्राविधिक, कृषि, लापोडेडे | १ | |
| २९ | पशुपन्छी विकास उपशाखा | पाँचौ | पशु प्राविधिक, कृषि,भेट | १ | |
| ३० | पशुपन्छी विकास उपशाखा | चौथो | पशु प्राविधिक, पशु, लापोडेडे | १ | |
| ३१ | पशु पन्छी विकास उपशाखा | चौथो | पशु प्राविधिक, कृषि,भेट | १ | |
| | | | | ३७ | |

***(ख)*** नगर कार्यपालिका अन्तर्गत करार सेवामा रहने थप प्रस्तावित दरबन्दी

| सिनं. | कार्यरत रहने इकाई | तह | पद तथा सेवा समूह | प्रस्तावित दरवन्दि | कैफियत |
|---|---|---|---|---|---|
| १ | आईटी अफिसर | ६ | विविध | १ | |
| २ | इन्जिनियर | ६ | Architectअधिकृत ईन्जी /सि/वि.आर | १ | |
| ३ | कानुन अधिकृत | ६ | कानुन न्याय | १ | |
| ३ | वन तथा वातावरण विज्ञ | ६ | वन | १ | |
| ४ | राजश्व सहायक क अ | ५ | विविध | १ | |
| ५ | सुरक्षित आवास प्राविधिक | ४ | प्राविधिक | १ | |
| ६ | उर्जा सहायक | ५ | प्रशासन | १ | |
| ७ | सहायक | ४ | मेकानिकल प्राविधिक | १ | |
| ८ | नगर प्रहरी | ४ | प्र स नि | १ | |
| ९ | नगर प्रहरी | ३ | हवल्दार | १ | |
| १० | नगर प्रहरी | श्रेणी विहिन | सिपाही | १३ | |
| ११ | आकस्मिक सेवा ईकाई(दमकल सेवा ) | श्रेणीविहिन | भारी सवारी चालक(दमकल डोजर । | २ | |
| १२ | सामान्य प्रशासन शाखा | श्रेणीविहिन | हलुका सवारी चालक | ६ | |
| १३ | सामान्य प्रशासन शाखा | श्रेणीविहिन | कार्यालय सहयोगी | १० | |
| १४ | सामान्य प्रशासन शाखा राजश्व शाखा | श्रेणीविहिन | राजश्व संकलक | १ | |
| | | | जम्मा दरबन्दी संख्या | ४२ | |

## अनुसूची ३ : चन्दननाथ नगरपालिका अन्तरगत वडा कार्यालयको संगठन संरचना





| वडा कार्यालयको दरबन्दी विवरण | | | | जम्मा वडा कार्यालय | |
|---|---|---|---|---|---|
| क्रम | पद नाम | तह | सेवा /समूह | कुल दरबन्दी | कैफियत |
| १ | वडासचिव | पाँचौ | प्रशासन/सा.प्र | १० | १० वडाहरू |
| २ | अ. सव-ईन्जिनियर | चौथो | ईन्जी/सि/जन | १० | १०वडाहरू |
| | | जम्मा पद संख्या | | २० | |

***(ख)*** वडा कार्यालय अन्तर्गत करार सेवामा रहने थप प्रस्तावित दरबन्दी

| ***सिनं.*** | ***कार्यरत रहने इकाई*** | ***तह*** | ***पद तथा सेवा समूह*** | ***प्रस्तावित दरवन्दि*** | ***कैफियत*** |
|---|---|---|---|---|---|
| १ | वडा कार्यालय | ४ | कम्प्यूटर अपरेटर | १० | |
| २ | वडा कार्यालय | श्रेणी विहिन | कार्यालय सहयोगी | १० | |
| | | | **जम्मा दरबन्दी संख्या** | **२०** | |

## अनुसूची ४ : चन्दननाथ नगरपालिका अन्तरगत रहेका स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रको संगठन संरचना




| | | | | | | |
|---|---|---|---|---|---|---|
| **क)** | **स्वास्थ्य चौकीको दरबन्दी विवरण (एउटा) ३ वटा** | | | | | |
| सि.नं | पद | तह | सेवा समूह | | | |
| १ | सि.अ.हे.व./हे.अ. | छैठौं | स्वास्थ्य / हे.ई. | १ एक | ईन्चार्ज | |
| २ | सि/.अ.हे.व. | पाँचौं/चौथो | स्वास्थ्य / हे.ई. | २ दुई | | |
| ३ | सि/.अ.न.मि | पाँचौं/चौथो | प हे न । क हे न | २ दुई | | |
| ६ | कार्यालय सहयोगी | श्रेणीविहिन | | १ एक | करारबाट | |
| | | **जम्मा दरबन्दी** | | **६ जना** | | |
| **ख)** | **वडा स्तरीय आधारभूत स्वास्थ्य केन्द्रजम्मा ५ को दरबन्दी विवरण** | | | | | |
| १ | हे.अ ज स नि | पाँचौं/छैटौं | स्वास्थ्य/हे.ई. | १ एक | ५ | ईन्चार्ज |
| २ | अ.हे.व. | चौथो । पाचौं | स्वास्थ्य/हे.ई. | १ एक | ५ | |
| ३ | अ.न.मि. | चौथो । पाचौं | स्वास्थ्य/नर्सिङ | १ एक | ५ | |
| ४ | का स | श्रेणी विहिन | | १ एक | ५ | |
| | | **५ (पाच) आधारभूतस्वास्थ्य केन्द्रको जम्मा दरबन्दी** | | **३ (तीन)** | **२० (विस)** | |

| | | | | | |
|---|---|---|---|---|---|
| **क)** | **शहरी स्वास्थ्य कन्द्रको दरबन्दी विवरण(एउटा) १ वटा** | | | | |
| सि.नं | पद | तह | सेवा समूह् | | |
| १ | सि.अ.हे.व./हे.अ. | पाँचो । छैठौ | स्वास्थ्य / हे.ई. | १ एक | ईन्चार्ज |
| २ | सि/.अ.हे.व. | पाँचौ/चौथो | स्वास्थ्य / हे.ई. | १ एक | |
| ३ | सि/.अ.न.मि | पाँचौ/चौथो | प हे न । क हे न | १ एक | |
| ४ | कार्यालय सहयोगी | श्रेणीविहिन | | १ एक | करारबाट |
| | | **जम्मा दरबन्दी** | | **४ जना** | |
| **ख)** | **वडा स्तरीय आधारभूत स्वास्थ्य केन्द्रजम्मा ४ को दरबन्दी विवरण** | | | | |

***(ख)*** नगर कार्यपालिका अन्तर्गत) **आधारभूत स्वास्थ्य केन्द्रको जम्मा दरबन्दी** करार सेवामा रहने थप प्रस्तावित दरबन्दी

| ***सिनं.*** | ***कार्यरत रहने इकाई*** | ***तह*** | ***पद तथा सेवा समूह*** | ***प्रस्तावित दरवन्दि*** | ***कैफियत*** |
|---|---|---|---|---|---|
| १ | हे.अ ज स नि | पाँचौ/छैटौ | स्वास्थ्य/हे.ई. | १एक | ५ |
| २ | अ.हे.व. | चौथो । पाचौ | स्वास्थ्य/हे.ई. | १एक | ५ |
| ३ | अ.न.मि. | चौथो । पाचौ | स्वास्थ्य/नर्सिङ | १एक | ५ |
| ३ | का स | श्रेणी विहिन | | १ एक | ५ |
| ४ | हे.अ ज स नि | पाँचौ/छैटौ | स्वास्थ्य/हे.ई. | १एक | ५ |
| ५ | | | | | २० जना |
| **शहरी स्वास्थ्य कन्द्रको दरबन्दी विवरण(एउटा) १ वटा** | | | | | |
| ६ | सि.अ.हे.व./हे.अ. | पाँचो । छैठौ | स्वास्थ्य / हे.ई. | १ एक | ईन्चार्ज |
| ७ | सि/.अ.हे.व. | पाँचौ/चौथो | स्वास्थ्य / हे.ई. | १ एक | |
| ८ | सि/.अ.न.मि | पाँचौ/चौथो | प हे न । क हे न | १ एक | |
| ९ | कार्यालय सहयोगी | श्रेणीविहिन | | १ एक | करारबाट |
| ९ | | | **जम्मा दरबन्दी** | **४ जना** | |

## अनुसूची ५ : चन्दननाथ नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका ईकाइ सहितको दरवन्दी र व्ययभारको विवरण

| कार्यालय/ईकाइ | पद | तह | प्रशासन | प्राविधिक | जम्मा पद | तलव स्केल मासिक | कुल १४.२ महिनाको तलव | जम्मा बार्षिक तलब | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १) नगरपालिकाको कार्यालयतर्फ | अधिकृत | १० | १ | १ | २ | ४६,०००। | १३,०६,४००। | | |
| | अधिकृत | ८ | १ | ३ | ४ | ४२,०००। | २३८५६००। | | |
| | अधिकृत | ७ | ० | १ | १ | ४०,०००। | ५६८०००। | | |
| | अधिकृत | ६ | ४ | ४ | ८ | ३८,०००। | ४३१६८००। | | |
| | सहायक | ५ | ११ | ९ | २० | ३१,०००। | ८८०४०००। | | |
| | सहायक | ४ | ६ | ५ | ११ | २९,०००। | ४५२९८०००। | | |
| | भारीस.चा. | | - | २ | २ | २४,०००। | ६८१६००। | | करारबाट |
| | हलुकास.चा. | | | ३ | ३ | २२,०००। | ९३७२००। | | करारबाट |
| | श्रेणीविहिन | | ६ | ४ | १० | २१,०००। | २९८२०००। | | करारबाट |
| | जम्मा पद संख्या | | २९ | ३२ | ६१ | | | २६५११४००। | |
| २) वडाकार्यालय (८ वटा) तर्फ | सहायक | ५ | ८ | - | ८ | ३१,०००। | ३५२१६००। | | |
| | सहायक | ४ | ८ | ८ | १६ | २८,०००। | ६३६१६००। | | |
| | श्रेणीविहिन | | ८ | - | ८ | २१,०००। | २३८५६००। | | करारबाट |
| | जम्मा पद संख्या | | २४ | ८ | ३२ | | | १२२६८८००। | |
| ३) स्वास्थ्यचौकी १ र बडास्तरीय | अधिकृत | ६ | - | १ | १ | ३८,०००। | ५३९६००। | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **आधारभूत स्वास्थ्यकेन्द्र ८ समेत स्थास्थ्य ईकाइ जम्मा ९ तर्फ** | सहायक | ५ | - | १३ | १३ | ३१,०००। | ५७२२६००। | | |
| | सहायक | ४ | - | **१७** | **१७** | २९,०००। | ७०००६००। | | |
| | श्रेणीविहिन | | १ | - | १ | २१,०००। | २९८२००। | | करारबाट |
| | जम्मा पद संख्या | | १ | ३१ | ३२ | | | **१३५६१०००।** | |
| **४) आयुर्वेद औयधालय, दरबन्दी** | कविराज निरीक्षक छैठौ | | - | १ | १ | **३८,०००।** | ५,३९,६००। | | |
| | बैद्य निरीक्षक पाँचौ | | - | १ | १ | **३१,०००।** | ४,४०,२००। | | |
| | का.स. (औषधिकुट्वा) | | १ | - | १ | **२१,०००।** | २,९८,२००। | | |
| | | | १ | २ | ३ | | | **१२,७८,०००।** | |
| सि.नं १, २, ३ र ४ को कुल जम्मा पद संख्या | | | ५५ | ७३ | **१२८** | जम्मा बार्षिक व्ययभार हुने रकम अंकमा | | **५३६१९२००।** | |
| अक्षरूपि जम्मा रकम पाँच करोड छ तिस लाख उन्नाइस हजार दुई सय मात्र । | | | | | | | | | |

## अनुसूची ६ : नगरपालिकाको संगठन संरचनामा आधारित शाखा तथा ईकाइको विवरण

चन्दननाथ नगरपालिकाको प्रस्तावित नयाँ संगठन संरचना अनुसार कार्यपालिकाको कार्यालय अन्तर्गत देहाय बमोजिमका शाखाहरू तथा ईकाई रहनेछन । सो अनुसार प्रत्येक शाखा अन्तगर्त रहने उपशाखाहरूको विवरण समेत निम्नानुसार खुलाईएको छ ।

### *१. सामान्य प्रशासन शाखा*

क) प्रशासन तथा जनशक्ति विकास उपशाखा

ख) खरीद तथा भण्डार उपशाखा (खरीद ईकाइ समेतको काम गर्ने )

ग) वातावरण तथा सरसफाई उपशाखा

घ) विपद व्यवस्थापन तथा आकस्मिक सेवा उपशाखा

ङ) वडा कार्यालयहरू ( ८ वटा )

च) नगर प्रहरी सन्चालन ।

### *२. योजना तथा पूर्वाधार विकास शाखा*

क) योजना तथा अनुगमन उपशाखा

ख) पूर्वाधार विकास तथा प्राविधिक सेवा उपशाखा

ग) वस्ती विकास,भवन तथा नक्शापास उपशाखा

घ) सूचना, संचार तथा प्रविधि विकास उपशाखा

### *३. शिक्षा,युवा तथा खेलकूद विकास शाखा*

क) माध्यमिक शिक्षा उपशाखा

ख) आधारभूत शिक्षा उपशाखा

ग) युवा तथा खेलकूद विकास उपशाखा

### *४. स्वास्थ्य शाखा*

क) जनस्वास्थ्य उपशाखा

ख) मातृशिशु स्वास्थ्य उपशाखा

### *५. समाज कल्याण शाखा*

क) महिला,बालबालिका तथा समाज कल्याण उपशाखा

ख) पंजीकरण तथा सामाजिक सुरक्षा उपशाखा

ग) उपभोक्ता हकहित संरक्षण,बजार अनुगमन तथा संघसंस्था समन्वय उपशाखा

### *६. आर्थिक विकास शाखा*

क) कृषि विकास उपशाखा

ख) पशुपक्षी विकास उपशाखा

ग) सहकारी,पर्यटन, उद्योग, श्रम तथा रोजगार, विद्युत तथा उर्जा उपशाखा

***७. वित्त व्यवस्थापन शाखा***

क) आर्थिक प्रशासन (लेखा) उपशाखा

ख) राजस्व प्रशासन उपशाखा

***८. आन्तरिक तथा पूर्व लेखापरिक्षण ईकाइ***

***९. विधायन तथा कानून शाखा***

क) विधायन, कानूनी परामर्श तथा निर्णय कार्यान्वयन उपशाखा

ख) न्यायिक समिति समन्वय उपशाखा

**गाउँ कार्यपालिका कार्यालयको संगठन संरचनामा आधारित शाखाहरू तथा ईकाईको कार्यविवरण देहाय अनुसार हुनेछ ।**

***१. सामान्य प्रशासन शाखा :*** यस शाखा अन्तर्गत ४ वटा उपशाखा र ८वडा कार्यालय समेत १२ वटा ईकाइहरू हुनेछन । यस मध्ये प्रशासन तथा जनशक्ति विकास उपशाखा, खरीद तथा भण्डार उपशाखा (खरीद ईकाइको समेत काम गर्ने ), वातावरण तथा सरसफाई उपशाखा र विपद व्यवस्थापन तथा आकस्मिक सेवा उपशाखाको लागि तोकिएको कार्य अन्तर्गत कर्मचारीहरूबाट सम्पादन गर्ने गराउने गरी यस शाखाको मूलभूत कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

- स्थानीय सेवाको व्यवस्थापन सम्वन्धी नीति,मापदण्ड,सेवा शर्त निर्धारण तथा नियमन,
- कार्यालयको दैनिक प्रशासन संचालन लगायत कर्मचारी प्रशासन र व्यवस्थापन सम्वन्धी कानून बमोजिम गर्न तोकिएका सवै कामहरू
- कार्यालय र अन्तर्गत ईकाइहरूको शान्ति सुरक्षा, पालोपहरा, सरसफाई व्यवस्था
- सार्वजनिक विदा, उत्सव, जात्रा, पर्व, उपाधी तथा विभूषण सम्वन्धि कामहरू ,
- कार्यालय र अन्तर्गत कार्यरत सवै कर्मचारी तथा पदाधिकारीहरूको क्षमता विकास सम्वन्धि कार्यक्रम तर्जुमा तथा कार्यान्वयन ,
- कार्यपालिका बैठक लगायत विभिन्न समिति उपसमितिहरूको बैठक व्यवस्थापन, निर्णय पुस्तिका तयारी,निर्णय प्रमाणीकरण, निर्णय वितरण, निर्णय सार्वजनिक गर्ने
- नगरपालिकाको तर्फबाट मिलाउनु पर्ने शिष्टाचार व्यवहार सम्वन्धि कामहरू तथा अन्तर्राष्ट्रिय र राष्ट्रिय सम्वन्धका सवै किसिमका कामहरू
- बार्षिक खरीद योजना तयारी तथा स्वीकृत सम्वन्धी काम, सार्वजनिक खरीदका लागि शाखा,उपशाखागत मांग संकलन, तोकिए बमोजिम सार्वजनिक खरीद प्रकृया प्रारम्भ गर्ने ,

- सवै प्रकारका जिन्सी मालसामानको लगत अध्यावधिक गर्ने, सामान आपूर्ती तथा भण्डारणको उचीत व्यवस्था, मालसामानहरूको मर्मत संभार तथा सार्वजनिक सम्पत्तीको व्यवस्थापन एवं संरक्षण सम्वन्धी काम, बार्षिक जिन्सी निरीक्षण गराइ बार्षिक प्रतिवेदन तयार गरी पेश गर्ने।

- सार्वजनिक खरीद नियमावली बमोजिम खरीद ईकाइको कार्य जिम्मेवारी भित्रका कामहरू ।

- सरसफाई सम्वन्धि कामहरू,फोहर व्यवस्थापन, जनचेतनामूलक कामहरू, हरियाली प्रवर्द्धन तथा संरक्षणका कामहरू,

- नगर स्तरीय विपद व्यवस्थापन समितिको सचिवालयको काम, विपद व्यवस्थापन सम्वन्धि वार्षिक कार्यक्रम तर्जुमा, संस्थागत समन्वय ,

- बारूण यन्त्र संचालनको व्यवस्था, एम्वुलेन्स व्यवस्थापन तथा नागरिकको जीउधनको सुरक्षाका लागि तोकिए बमोजिमको आकस्मिक सेवा सम्वन्धी कामहरू ।

**२ योजना तथा पूर्वाधार विकास शाखा**ः यस शाखा अन्तर्गत योजना तथा अनुगमन उपशाखा, पूर्वाधार विकास तथा प्राविधिक सेवा उपशाखा, वस्ती विकास,भवन तथा नक्शापास उपशाखा, सूचना, संचार तथा प्रविधि विकास उपशाखा सहित ४ वटा उपशाखा रहनेछ । यस शाखाको मुख्य कार्यविवरण देहाय बमोजिम रहनेछ ।

- विकास आयोजना तथा परियोजना सम्वन्धी नीति कानून मापदण्ड तर्जुमा र नियमन,
- नगरपालिकाको आवधिक तथा दीर्धकालीन विकास गुरूयोजना निर्माण सम्वन्धी काम,
- सहभागितामूलक प्रकृयामा आधारित नगरस्तरीय बार्षिक योजना तर्जुमा सम्वन्धी कामहरू ,
- नगरसभाबाट स्वीकृत बार्षिक विकास कार्यक्रमको कार्यान्वयन,उपभोक्ता समिति परिचालन, कार्यक्रमको अनुगमन, आवधिक समीक्षा तथा मूल्यांकन सम्वन्धी कामहरू,
- शहरी पूर्वाधार विकासका लागि यातायात गुरूयोजना तर्जुमा, यातायात सम्वन्धी नीति, नियम, मापदण्ड निर्धारण तथा नियमन ,
- नगर स्तरीय सडक तथा यातायात व्यवस्था सम्वन्धी कामहरू,
- विद्युत,उर्जा तथा सडक बत्ती सम्वन्धी काम,
- सिंचाई तथा जल उत्पन्न प्रकोप नियन्त्रण सम्वन्धी काम,
- सतह तथा भूमीगत खानेपानी आयोजना कार्यान्वय तथा सुदृढीकरण सम्वन्धी काम,
- नगर सभाबाट स्वीकृत बार्षिक विकास कार्यक्रमको विस्तृत आयोजना प्रतिवेदन( DPR )तयारी,
- कार्यान्वयनमा रहेका आयोजना,परियोजना, कार्यक्रममा प्राविधिक रेखदेख तथा सुपरिवेक्षणका माध्यमले गुणस्तरीयता कायम गर्ने,
- वडा स्तरमा संचालन हुने आयोजनारकार्यक्रममा प्राविधिक सेवा उपलव्ध गराउने,
- भू–उपयोग तथा भू बर्गीकरणमा आधारित आवास तथा वस्ती विकास सम्वन्धी कार्यहरू,

- जग्गा नापी तथा नक्शा सम्वन्धी कामहरू,
- भूकम्प प्रतिरोधी सार्वजनिक भवन तथा संरचनाको विकास र अभिमुखीकरण,
- भवन निर्माण सम्वन्धमा राष्ट्रिय भवन संहितामा आधारित स्थानीय भवन निर्माण मापदण्ड निर्धारण,
- नगर क्षेत्रमा निर्माण हुने सवै किसिमका सार्वजनिक, व्यवसायिक तथा निजी भवनहरूको स्वीकृत मापदण्डका आधारमा नक्शापास गरी निर्माण ईजाजत दिने र निर्माण सम्पन्न प्रमाणपत्र दिने,
- नगरलाई सूचना प्रविधि मैत्रीमा रूपान्तरण गर्न संचार तथा प्रविधि विकासका काम गर्ने,
- नगरपालिकाका सवै सूचना तथा निर्णय वेभसाईटमा अपलोड गर्ने र अपडेट गर्ने,
- एफ.एम. रेडियो संचालनको लागि ईजाजत दिने ।
- तोकिए बमोजिमका कामहरू गर्ने ।

**३. शिक्षा,युवा तथा खेलकूद विकास शाखा :** यस शाखा अन्तर्गत माध्यमिक शिक्षा उपशाखा, आधारभूत शिक्षा उपशाखा र युवा तथा खेलकूद विकास उपशाखा सहित ३ वटा उपशाखाहरू रहनेछ । यस शाखा मातहतबाट सम्पादन हुने मुख्य कार्यविवरण देहाय बमोजिम रहनेछ ।

- माध्यमिक विध्यालय संचालनको लागि कक्षा ९ देखि कक्षा १२ सम्मको स्वीकृती प्राप्त सवै माध्यमिक विध्यालयको शैक्षिक नीति, नियम, मापदण्ड,योजना निर्माण, कार्यान्वयन तथा नियमन सम्बन्धी कामहरू ,
- शैक्षिक विकास, अध्ययन अध्यापनको अवस्था,पाठ्यक्रम र पाठ्यसामाग्रीको वितरण र व्यवस्थापन,शैक्षिक प्रशासन, विषयगत शिक्षकको अवस्था, शिक्षक विद्यार्थी अनुपात, भौतिक पूर्वाधारको अवस्था लगायत नगर शिक्षा ऐन र नियमावलीले तोके बमोजिमका कामहरू,
- माध्यमिक तहमा लिईने परीक्षा संचालन, समन्वय तथा अनुगमन सम्बन्धी कामहरू,
- पूर्व प्राथमिक ( Pre-school ) तथा आधारभूत विद्यालय (कक्षा १ देखि कक्षा ८ सम्म ) संचालनको अनुमति प्राप्त विद्यालयको नक्शांकन, अनुमति, समायोजन तथा नियमन कार्य,
- प्रारंभिक बाल शिक्षा तथा विद्यालय शिक्षा,अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक शिक्षा, निरन्तर सिकाई तथा विशेष शिक्षा सम्वन्धी नीति,योजना तर्जुमा तथा नियमन ,
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, संचालन, अनुमति र नियमन
- विद्यार्थी प्रोत्साहन, विद्यार्थी सिकाई परीक्षण तथा छात्रबृत्ती वितरण र व्यवस्थापन ,
- आधारभूत तहमा कक्षा ८ को परीक्षा व्यवस्थापन तथा समन्वय ,
- विद्यालय तहमा पुस्तकालयको संचालन, पत्रपत्रिकाको उपलव्धता, समुदायमा पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई तथा अध्ययन केन्द्र संचालनको अवस्था र व्यवस्थापन,
- सवै तहमा नगर स्तरीय पाठ्यक्रमको निर्धारण, नैतिक शिक्षा, वाल विकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालयहरूको विकास, विस्तार र व्यवस्थापनको कार्यहरू

- स्थानीय स्तरमा खेलकूदको विकास र प्रवर्द्धन सम्वन्धि कामहरू,
- विभिन्न किसिमका खेलकूद पूर्वाधारको विकासका कार्यक्रम तर्जुमा तथा खेलकूद प्रतियोगिता आयोजनामा टेवा र प्रोत्साहन ,
- युवा लक्षित विभिन्न क्रियाकलाप संचालनका लागि स्थानीय र बाह्य संघसंस्थासंग समन्वय, सहकार्यका कामहरू ,

४. स्वास्थ्य शाखा : यस शाखा अन्तर्गत जनस्वास्थ्य उपशाखा र मातृशिशु स्वास्थ्य उपशाखा सहित २ वटा उपशाखा रहनेछ । यस शाखाबाट देहाय बमोजिमका मुख्य कामहरू सम्पादन हुनेछ ।

- आधारभूत स्वास्थ्य तथा पारिवारिक सरसफाई सम्वन्धी नीति, नियम, मापदण्ड,कार्ययोजना तर्जुमा, कार्यान्वयन तथा नियमन सम्वन्धी कामहरू ,
- आधारभूत स्वास्थ्य सेवाको संचालन तथा प्रबर्धदनका कामहरू,
- नगर स्तरीय स्वास्थ्य चौकीहरूमा तोकिए बमोजिमका अत्यावश्यक औषधिहरूको भरपर्दो आपूर्तीको व्यवस्था मिलाउने तथा अत्यावश्यक उपकरणहरूको अवस्था नियमित जाँच गर्ने,
- स्वास्थ्य चौकीहरूमा दरबन्दी अनुसारका स्वास्थ्य कर्मीहरूको पूर्तीको अवस्था निगरानी गर्ने र कर्मचारीको क्षमता विकासका कामहरू वार्षिक कार्यक्रममा समावेश गरी संचालन गर्ने ,
- नगर स्तरीय स्वास्थ्य चौकीहरू मध्ये न्यूनतम एउटा स्वास्थ्य चौकीहरूमा प्याथोलजी सेवा उपलव्ध गराउन पहल गर्ने,
- आकस्मिक स्वास्थ्य सेवाको भरपर्दो व्यवस्था मिलाउने ,
- आपतकालीन स्वास्थ्य तथा महामारी नियन्त्रण समन्धी कामहरू,
- स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन ,
- जनस्वास्थ्य निगरानी ( Public Health Surveliance ) लाई निरन्तरता दिने ,
- प्रबर्धनात्मक, प्रतिकात्मक,उपचारात्मक, पुनर्स्थापनात्मक स्वास्थ्य सेवामा जोड ,
- स्वास्थ्य बीमा लगायत स्वास्थ्य सम्वन्धि सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापन,र
- नगरपालिका स्तरीय स्वास्थ्य संस्थाको भौतिक विकास तथा सेवा विस्तार गरी स्वास्थ्य सेवामा जनताको पँहूच बढाउने,
- नगरपालिका स्तरीय अस्पताल स्थापना तथा संचालनका लागि पहल गर्ने ,
- दूरदराजमा रहेका स्वास्थ्य चौकीहरूमा सुरक्षित मातृत्व सेवा सहित Birthing Center संचालन गरी भरपर्दो सेवा पुर्याउन पहल गर्ने ,
- OutReach Clinic का माध्यमले स्वास्थ्य सेवा भरपर्दो बनाउने ,

- शिशुका लागि तोकिए बमोजिमका खोपहरू समयमा नै लगाउने गरी उपलव्ध सवै स्वास्थ्यकर्मीहरूको परिचालन गर्ने ,
- तोकिएको मापदण्ड अनुसार जनरल अस्पताल, नर्सिङ होम, उपचार केन्द्र, स्वास्थ्य क्लिनिक स्थापना, दर्ता, संचालनको अनुमतिका लागि स्थानीय मापदण्ड बनाई लागु गर्ने ,
- पोषण तथा बैकल्पिक उपचार पद्धतीको विकास तथा विस्तारमा पहल गर्ने ,
- नगर स्तरमा स्थापित सवै किसिमका स्वास्थ्य संस्था, औषधि पसलहरूको नियमित अनुगमन गरी नगरपालिका समक्ष प्रतिवेदन पेश गर्ने ।

५. समाज कल्याण शाखा : यस शाखा अन्तर्गत महिला,बालबालिका तथा समाज कल्याण, पंजीकरण तथा सामाजिक सुरक्षा उपशाखा र उपभोक्ता हकहित संरक्षण तथा संघसंस्था समन्वय उपशाखा गरी ३ वटा शाखाहरू रहने छन । यस शाखाबाट देहाय बमोजिमका मुख्य कामहरू सम्पादन गरीने छ ।

- महिला हकहित सम्वन्धी नीति, नियम,योजना तर्जुमा, कार्यान्वयन,समन्वय र नियमन,
- महिलाको आर्थिक,सामाजिक,राजनीतिक सशक्तिकरण तथा क्षमता विकासका कार्यहरू,
- सवै किसिमका घरेलु हिंसा लगायत लैंगिक हिंसा निवारणका लागि निरोधात्मक,प्रवर्द्धनात्मक र संरक्षणात्मक उपायहरू अवलम्वन गर्दै पिडीतलाई पुनस्स्थापना गराउने कामहरू,
- एकल महिलाको हकहित र संरक्षण सम्वन्धी कार्यहरू,
- बालबालिका, किशोर किशोरीहरूको हकहित संरक्षणका लागि स्थानीय नीति, नियम ,कार्यक्रम तर्जुमा तथा कार्यान्वयन र नियमन सम्वन्धी कामहरू,
- बालमैत्री शासकीय प्रवन्ध, बाल क्लवको स्थापना, बाल सञ्जाल गठन, बाल गृह स्थापना लगायत शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापनका कामहरू,असहाय बालबालिका, सडक बालबालिकाको संरक्षणको लागि बाल सुधार तथा पुनस्स्थापना केन्द्रको व्यवस्थापन,
- जेष्ठ नागरिकको लगत अध्यावधिक गर्ने, परिचयपत्र वितरण,स्वास्थ्य सुविधा लगायत सामाजिक सुरक्षा सम्वन्धी कामहरू,
- अपांगता भएका व्यक्ति तथा असहाय, असक्तको लगत अध्यावधिक गर्ने, परिचयपत्र वितरण,सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन र वितरण सम्वन्धी कामहरू,
- अपांग तथा असक्त मैत्री पूर्वाधार निर्माण र संचालनको व्यवस्था,
- सामाजिक सुरक्षा तथा सामाजिक समावेशीकरण सम्वन्धी स्थानीय नीति, नियम, मापदण्ड तर्जुमा,
- संघीय सरकारबाट उपलव्ध सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वा बृत्ती पाउने सवैको लगत अद्यावधिक गर्ने, तोकिए बमोजिम मासिक बृत्ती सुविधा उपलव्ध गराउने,
- व्यक्तिगत घटना दर्ता (जन्म,मृत्यु,विवाह,बसाईसराई,सम्वन्ध बिच्छेद र धर्मपुत्र धर्मपुत्री सम्वन्धी) अभिलेख अद्यावधिक र व्यवस्थापन, आधुनिक प्रविधिको प्रयोगबाट घटना दर्ताको प्रमाणपत्र वितरण लगायत नियमित प्रतिवेदन प्रस्तुती ,

- सामाजिक सुरक्षाको कार्यान्वयनको लागि संघ र प्रदेश तथा स्थानीय तहमा आवश्यक सम्पर्क, समन्वय तथा सहकार्य गर्ने,
- उपभोक्ता अधिकार तथा हकहित सम्वन्धी नीति नियम मापदण्ड तर्जुमा तथा कार्यान्वयन,
- दैनिक उपभोग्य स्थानीय बस्तु तथा सेवाको गुणस्तर परीक्षण तथा मापदण्ड निर्धारण,
- आम उपभोक्ताले प्रयोग गर्ने खाद्य पदार्थको गुणस्तर परीक्षण, बजार अनुगमन र नियन्त्रण,
- उत्पादक र उपभोक्ता मैत्री हाटबजारको विकास,पूर्वाधार निर्माण तथा व्यवस्थापन,
- स्थानीय व्यापार प्रवर्धनमा सहजीकरण र नियमन,
- खाद्य प्रयोगशाला स्थापना र गुणस्तर नियन्त्रण ,
- नगरस्तरमा रहेका सामाजिक संघसंस्थाहरू (गैसस,सामुदायिक संस्थाहरू)को दर्ता,नवीकरण तथा नियमन सम्वन्धी कामहरू ,
- टोल विकास समितिहरूको दर्ता लगायत सामाजिक क्षेत्र लक्षित कार्यहरूको समन्वय,सहकार्यको लागि नीतिनियम तर्जुमा,
- सरकारी तथा गैर सरकारी क्षेत्र विच सामाजिक विकास र सशक्तिकरणका लागि सहकार्य र समन्वय सम्वन्धी काम । विभिन्न गुठी, ट्रष्ट एवं कोषसंग जनहितका लागि सहकार्य गर्ने ।

६. आर्थिक विकास शाखा : यस शाखा अन्तर्गत कृषि विकास उपशाखा,पशुपक्षी विकास उपशाखार सहकारी,पर्यटन, उद्योग,श्रम तथा रोजगार उपशाखा समेत ३ वटा उपशाखाहरू रहने छन । यस शाखाको कार्यविवरण निम्नानुसार रहनेछ ।

- कृषि विकास, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्वन्धी नगरस्तरीय नीति,नियम, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन ,
- कृषि उत्पादन वजारसम्म पँहूच लागि हाटबजारको विकास र विस्तारका लागि पूर्वाधार निर्माण, प्राविधिक सेवा तथा प्रविधिको प्रसार, कृषि सामाग्रीको आपूर्ती लगायत कृषक क्षमता विकासका लागि अभिमुखीकरण ,तालिम तथा,
- स्थानीय संभावनाका आधारमा कृषिको व्यवसायिकरण र विविधिकरण गर्न किसानलाई प्रोत्साहन कार्यक्रम तर्जुमा, साना सिंचाई आयोजना संचालन,
- कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण सम्वन्धि कामहरू ,
- उच्च मूल्ययुक्त कृषिजन्य बस्तुको प्रबर्धन, विकास तथा बजारीकरणका कार्यहरू ,
- कृषि समूह, कृषि सहकारी गठन र संचालनमा प्रोत्साहन तथा कृषि सम्वन्धी संघसंस्थासंग समन्वय र सहकार्य ,
- कृषि सूचना प्रणालीको व्यवस्थापन, सूचनाको प्रचार प्रसार तथा कृषि तथ्यांक अद्यावधिक,
- कृषि बीउबिजनको गुणस्तर परीक्षण, मलखाद, रसायन र औषधिको आपूर्ती व्यवस्थापन,

- पशुपक्षी पालन तथा स्वास्थ्य सम्वन्धी नीति,नियम,कार्यक्रम तर्जुमा र मापदण्ड निर्धारण,
- पशुनश्ल सुधार,विकास तथा व्यवस्थापनका कार्यहरू ,
- पशुचरनका लागि खर्कको विकास सम्वन्धी कार्यक्रम,
- पशु हाटबजारको विकास तथा विस्तार लगायत पशु बधशाला स्थापनका कार्यहरू,
- पशुपक्षीको उपचार तथा बीमा र सहज कर्जा प्राप्तिका लागि प्रोत्साहन कार्यहरू,
- मत्स्य विकास कार्यक्रम तर्जुमा र कार्यान्वयन र माछा पोखरी स्थापना प्रोत्साहन,
- आधुनिक प्रविधि र सूचनामा आधारित पशुपक्षी हाटबजारको पूर्वाधार निर्माण, कृषकलाई प्राविधिक परामर्श, क्षमता विकासका तालिम एवं अभिमुखीकरण र प्रविधि विस्तारमा जोड,
- सहकारी संस्था सम्वन्धी नीति,नियम, कार्यक्रम तर्जुमा, मापदण्ड निर्धारण र कार्यान्वयन,
- सहकारी संस्थाको दर्ता,अनुमति,खारेजी तथा विघटनका काम,
- सहकारी सम्वन्धी विभिन्न तहका संघसंस्थासंग समन्वय,सहकार्य,
- सहकारीको विकासका लागि अध्ययन अनुसन्धान लगायत सहकारी संस्थाको कार्य क्षमता विकासका लागि कार्यक्रम तर्जुमा ,
- सहकारी बचत तथा ऋण परिचालन सम्वन्धि स्थानीय मापदण्ड निर्धारण र अनुगमन ,
- नगरस्तरीय पर्यटन नीति, नियम,मापदण्ड तयार गरी गुरूयोजना तर्जुमा तथा कार्यान्वयन,
- स्थानीय पर्यटकीय तथा सांस्कृतिक महत्वका मठ,मन्दिर,गुम्वा,मस्जीदहरूको संरक्षण,
- प्राकृतिक वा मानव निर्मित पर्यटकीय आकर्षणका संरचनाहरूको विकास, स्याहार र संरक्षण,
- पर्यटनको संभावनाका आधारमा साहसिक पर्यटनको विकासमा जोड,
- ग्रामीण पर्यटनको विकास र विस्तारका लागि होमस्टेको स्थापना, विकास र विस्तार,
- ग्रामीण पर्यटनको विकासको माध्यमले रोजगारी सिर्जना भई गरिवी न्यूनीकरणमा टेवा पुग्ने हुदा दक्ष जनशक्तिको विकासका लागि निजी क्षेत्रसंग सहकार्य गर्ने,
- पर्यटनको विकासमा निजी क्षेत्रलाई आकर्षित गर्न सार्वजनिक निजी साझेदारीमा आधारित योजना कार्यक्म पहिचान गरी लगानीका लागि आकर्षित गर्ने,
- घरेलु तथा साना उद्योग एवं लघु उद्योगको विकासका कार्यक्रम तर्जुमा सहित उद्यमशीलता प्रवर्धनका कामहरू ।
- लघु, घरेलु तथा साना उद्योग लगायत व्यापारिक फर्म तथा पसल दर्ता, अनुमति, नविकरण, खारेजी तथा नियमनका कामहरू
- ,नगरभित्रको खानी तथा खनिज पदार्थको संरक्षणका लागि निती, नियम, मापदण्ड तर्जुमा,

- खानी तथा खनिज पदार्थ सम्वन्धी सूचना तथा तथ्यांक संकलन, अभिलेखन र भौगोलिक नक्शा तयारी ,
- रोजगार प्रवर्धन तथा गरिवी निवारण सम्वन्धी नीति, रणनीत, नियम तर्जुमा,
- नगरपालिका क्षेत्रमा बेरोजगारहरूको तथ्यांक संकलन,प्रकाशन र सूचना प्रणाली स्थापना ,
- पहिचान भएका गरिव घरपरिवार र लक्षित समूहलाई परिचय वितरण, नगरस्तरका आयोजना,कार्यक्रममा निश्चित दिन सम्म रोजगारीका अवसर सिर्जनाको प्रत्याभूती,
- सवै तहका सरकार र रोजगारदाता संघसंस्थासंग रोजगारीका अवसरमा पहूँचका लागि सहकार्य र समन्वय ,
- बैदेशिक रोजगारीमा सीपयुक्त जनशक्ति विकासका कार्यक्रम तर्जुमा तथा दक्ष जनशक्ति तयारीका लागि श्रोत साधन परिचालन ,
- बैदेशिक रोजगारी सम्वन्धी रोजगार सूचना प्रणालीको स्थापना र प्रचार प्रसार,
- श्रम शोषण हुन नदिन आवश्यक व्यवस्था मिलाउने ,

७. वित्त व्यवस्थापन शाखा : यस शाखा अन्तर्गत आर्थिक प्रशासन ( लेखा ) उपशाखा, राजस्व प्रशासन उपशाखा समेत २ वटा उपशाखाहरू रहने छ । यस शाखाको कार्यविवरण निम्नानुसार रहनेछ ।

- आर्थिक कार्यविधि सम्वन्धी नीति, नियम, कार्यविधि तर्जुमा र कार्यान्वयन ,
- आर्थिक प्रशासन र व्यवस्थापन सम्वन्धी कामहरू ,
- वार्षिक बजेट तर्जुमा,बजेट सीमा निर्धारण, शिर्षकगत व्ययको अनुमान तयारी ,
- स्थानीय संञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन,
- लेखा व्यवस्थापन,खर्च, राजस्व,घरौटी, कार्यसंचालन कोष तथा अन्य स्थानीय कोष तथा सम्पत्तिको एकीकृत विवरण तयारी,
- नगरसभाबाट स्वीकृत बार्षिक बजेट अनुसार आर्थिक कारोवारको लेखांकन,नियन्त्रण र व्यवस्थापन,
- राजस्व तथा व्ययको अनुमान सहित राजस्व परामर्श समितिमा पेश गर्ने,
- नियमानुसार आन्तरिक तथा पूर्व लेखापरिक्षण गराउने, साथै अन्तिम लेखापरिक्षण गराउने,
- लेखापरिक्षणबाट कायम बेरूजु प्राथमिकताका साथ फर्छ्यौट गराउने ,
- समग्रमा आर्थिक अनुशासन कायम गर्ने,
- नगरपालिकाको बार्षिक खरीद योजना तयारीमा सहयोग गर्ने,
- नगरस्तरीय राजस्व नीति, नियम तर्जुमा ,कार्यान्वयन तथा नियमन सम्वन्धी काम,
- बार्षिक बजेटले प्रक्षेपण गरे अनुसार राजस्व असूलीका लागि आन्तरिक र बाह्य सरोकारवालाहरूसंग नियमित समन्वय र सहकार्य,
- राजस्व चुहावट नियन्त्रणका लागि आवश्यक सचेतात्मक कार्यहरू,

- स्थानीय सरकार संचालन ऐन, नगरपालिकाबाट जारी ऐन नियम, कार्यविधि  र प्रचलित संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका शिर्षकहरूमा नगरसभाले तोकेको दरमा राजस्व संकलन तथा दाखिला,

- प्राकृतिक श्रोतको उपयोग सम्वन्धी स्थानीय नीति नियम तर्जुमा तथा संघ र प्रदेश स्तरीय मापदण्डको पालना,

- कानून बमोजिम ढुंगा,गिट्टी,बालुवा,माटो,स्लेट,लगायत खनीज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र रोयल्टी संकलन र तोकिए बमोजिम बांडफांड ,

- करदाता शिक्षा, सचेतना तथा करदाता सम्मान कार्य,

- बाकी बक्यौता रकमको लगत तयारी र असूल उपर गर्ने गराउने,

८. आन्तरिक तथा पूर्व लेखापरिक्षण ईकाइ : यस ईकाइ अन्तर्गत कुनै उपशाखा रहने छैन । कानूनमा व्यवस्था भए अनुसार यस्ले कार्यपालिका कार्यालय अन्तर्गत स्वतन्त्र शाखाको हैसियतमा देहाय बमोजिम कार्यसम्पादन गर्नेछ ।

- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ (२ ) बमोजिम नगरपालिकाको समष्टीगत आय ( राजस्व समेत ) र व्यय ( खर्च )को आन्तरिक लेखा परीक्षण गर्ने ,

- आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर कार्यपालिकामा पेश गर्ने ,

- नगरपालिकाको प्रत्येक बर्षको अन्तिम लेखापरीक्षणको प्रतिवेदन सुरक्षित राख्ने,

- अन्तिम लेखापरीक्षण कार्यमा सहयोग,समन्वय र सहजीकरण गर्ने,

- लेखापालन सम्वन्धमा क्षमता विकास कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ,

- गाउँ सभाबाट गठन हुने लेखा समितिको सचिवालयको काम गर्ने ,

- अन्तिम लेखा परिक्षणबाट औल्याइका बेरुजहरुको फर्छ्यौटको कारवाही अगाडी वढाउने ।

९. विधायन तथा कानूनी परामर्श शाखा : यस शाखा अन्तर्गत कानूनी परामर्श तथा निर्णय कार्यान्वयन उपशाखा र न्यायिक समिति समन्वय उपशाखा समेत दुई वटा उपशाखा रहनेछ । यस शाखा अन्तर्गतबाट सम्पादन हुने प्रमुख कार्यहरूको विवरण देहायमा उल्लेख भए अनुसार हुनेछ ।

- स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ५ को सभाको व्यवस्थापन सम्वन्धी कार्यविधि अन्तर्गत दफा २० देखि दफा २३ सम्म उल्लेखित कार्य गर्ने,

- सोही ऐनको परिच्छेद १५ को दफा १०२ को उपदफा १, २, ३ र ४ मा उल्लेखित कार्यहरू सम्पादनमा कार्यपालिकालाई सहयोग र सहजीकरण गर्ने ,

- नगरपालिकाको क्षेत्राधिकारका सम्वन्धमा सम्मानित अदालत, नगरसभा, कार्यपालिकाबाट जारी भएका आदेश, निर्णय कार्यान्वयन गर्ने ,

- नगरपालिकाको नाममा दायर भएको वा नगरपालिकाको तर्फबाट दायर मुद्दाको फिरादपत्र, जवाफ लेख्ने लगायत प्रचलित कानून अनुसारका कार्यहरू गर्ने,

- नगरपालिकाले मांग गरेको विषयमा काननी राय परामर्श दिने,

- नगरसभाबाट गठन गरीएको विधायन तथा सुशासन समितिको सचिवालयको काम गर्ने,
- नेपालको संविधानको धारा २१७ अनुसार स्थानीय तहमा रहने न्यायिक समिति सम्वन्धमा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १५ मा व्यवस्था भए अनुसार न्यायिक समितिको अधिकार क्षेत्रका विषयमा न्यायिक निरूपणका लागि आवश्यक सहयोग , समन्वय गर्ने

## अनुसूची ७ : वडा कार्यालयको कार्यविवरण (वडाको काम, कर्तव्य र अधिकारमा आधारित)

वडा कार्यालयको कार्य जिम्मेवारी भित्रका तोकिए बमोजिमका कामहरूलाई विभिन्न ५ बटा शिर्षकमा विस्तृतीकरण गरिएको छ। सो अनुसार चन्दननाथ नगरपालिका अन्तर्गत रहेका सवै ८ वटा वडा कार्यालयहरू मार्फत देहायमा उल्लेख भए अनुसारका कामहरू सम्पादन हुने गरी कार्यविवरण कायम गरीएको छ।

### (क) योजना तर्जुमा,कार्यान्वयन तथा अनुगमन

(१) सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार वस्ती वा टोलस्तरवाट योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी वस्ती तथा टोलस्तरीय योजनाको माग संकलन, प्राथमिकीकरण तथा छनौट गर्ने।

(२) वडाभित्रका क्रियाशील राजनीतिक दल, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था लगायत सामूदायीक एवं सामाजिक संघ संस्था, निकायहरुसँग परामर्श, छलफल, सहभागितामूलक प्रक्रियाको अवलम्वन गर्ने।

(३) वडाभित्रका योजनाहरुको कार्यान्वयन अनुगमन गर्ने।

(४) टोल विकास संस्थाको गठन र परिचालन गर्ने। वडाभित्र सञ्चालन हुने योजनाहरुका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने।

(५) वडाभित्रका आयोजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने।

### *(ख) तथ्यांक अद्यावधिक तथा संरक्षण*

(६) निजी घर तथा घर परिवारको लगत राख्ने ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा तथा प्राचीन स्मारक, सार्वजनिक तथा सामूदायीक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लागत राख्ने तथा संरक्षण गर्ने, खुल्ला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, मठ, मन्दिर, गुम्बा, मस्जिद, देवस्थल, मदरसा, पर्ति जगगा, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुँगेधारा, गुठीघर, वाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिल आदिको तथ्याङ्क संकलन तथा अद्यावधिक गरी लगत राख्ने संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गर्ने।

### (ग) विकास कार्य

(७) **<u>शिक्षा</u>** : वालउद्यानको व्यवस्था र व्यवस्थापन, अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भीक बाल विकास केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने, पुस्तकालय, वाचनालय, सामूदायी सिकाई केन्द्र, बालक्लव तथा बाल सञ्जालको सञ्चालन तथा व्यवस्थापन गर्ने।

(८) **स्वास्थ्यः** वडा तहको स्वास्थ्य केन्द्र उपकेन्द्रको व्यवस्थापन गर्ने, वालवालिकाहरुलाई वि.सि.जि.पोलियो, भिटामिन "ए" को व्यवस्था गर्ने, पोषण कार्यक्रम सञ्चालन गर्ने, वडा तहमा स्वास्थ्य जनचेतना विकास, स्वास्थ्य सूचना कार्यक्रम सञ्चालन गर्ने, शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिक सञ्चालन गर्ने गराउने, सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण तथा व्यवस्थापन गर्ने गराउने।

(९) **खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापनः**वडास्तरीय सामूदायिक धाराको प्रबन्ध, कुवा, इनार, पोखरीको निर्माण,संरक्षण, गुणस्तर नियमन गरी नगरपालिकालाई जानकारी गराई सहयोग गर्ने गराउने, घरवाट निकासा हुने फोहोर मैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरुको सरसफाई, ढल निकास, मरेका जनावर व्यवस्थापन, सतही पानीको निकास गर्ने, पानीको स्रोत अर्थात मूलको संरक्षण (वृक्षारोपण, तटबन्ध र नदी नियन्त्रण) गर्ने गराउने, फोहोरमैला गर्नेलाई सम्बन्धित ऐन अनुसार जरिवाना गर्ने।

(१०) **कृषि विकास**: कृषि तथा फलफूल नर्सरीको स्थापना तथा समन्वय र प्रवर्द्धन गर्ने वडास्तरीय अगुवा कृषक तालिम अभिमुखिकरण गर्ने, कृषि मलको माग सङ्कलन गर्ने र कृषिमा लाग्ने रोगहरुको विवरण तयार गरी नगरपालिका र नगरपालिकामा प्रस्तुत गर्ने ।

(११) **पशपन्छी विकास तथा व्यवस्थापन:** पशुपंछी विकास, छाडा चौपाया व्यवस्थापन, वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने ।

(१२) **सांस्कृतिक प्रवर्द्धन:** स्थानीय समूदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रमहरुको आयोजना गर्ने गराउने, स्थानीय मौलिकता झल्कने सास्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने ।

(१३) **खेलकुद:** वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने, अन्तर विद्यालय तथा बालक्लवहरु मार्फत खेलकुद कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(१४) **यातायात:**वडा क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने, वडाभित्रका सडक अधिकार क्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने, बसपार्कको सरसफाई गर्ने, बाटोघाटोको बाढी पहिरो पन्छाउने ।

(१५) **उद्योग:**घरेलु उद्योगको लागत सङ्कलन, सम्भाव्यता घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संरक्षण गर्ने र नगरपालिका वा नगरपालिकामा प्रतिवेदन गर्ने जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।

(१६) **व्यक्तिगत घटना दर्ता:** प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संरक्षण गर्ने र गाँउपालिका वा नगरपालिकामा प्रतिवेदन गर्ने र जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।

(१७) **सामाजिक सुरक्षा:**सामाजिक सुरक्षा भत्ता विवरण गर्ने, अभिलेख अद्यावधिक गर्ने, बालपोषण तथा बाल संरक्षण सम्बन्धि काम गर्ने ।

(१८) **सामाजिक तथा आर्थिक सशक्तीकरण:**वडालाई बालमैत्री बनाउने, वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालवालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समूदायको अभिलेख राखि सामाजिक तथा आर्थिक उत्थान सम्बन्धि काम गर्ने, विभिन्न समूदायका वीचमा सामाजिक सदभाव र सौहार्दता कायम गर्ने, वालविवहा, महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, वालश्रम, मानव वेचविखन, निरक्षरता आदि जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने गराउने ।

(१९) **कर सम्बन्धी कार्यहरु:** नगरपालिका वा नगरपालिका वडाले प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिश दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गर्ने तथा सम्बन्धित नगरपालिका वा नगरपालिकामा प्रतिवेदन गर्ने बुझाउने ।

**(२०) असहाय, असक्त, वेवारिस व्यक्तीको सहायता र संरक्षण:** वडाभित्रको असक्त विरामी भएको वेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधोपचार गराउने, वडामा कुनै असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने, सडक वालवालिकाको उद्धार र पुनर्स्थापना गर्ने गराउने ।

**(२१) वन तथा वातावरण:** वडाभित्रको सामूदायीक वन, वन्यजन्तु सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने । वडा, टोलवस्ती स्तरमा हरियाली षेत्र विस्तार गर्ने गराउने, वडालाई वातावरणमैत्री वनाउने ।

**(२२) प्रवर्द्धनात्मक कार्यक्रम गर्ने गराउने**: प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त पूर्ण सरसफाई, वातावरणमैत्री तथा वालमैत्री शासन जस्ता प्रवर्द्धनात्मक कार्यहरु गर्ने गराउने ।

**(घ) नियमन कार्य**

(२३) वडाभित्र सञ्चालित विकास योजना आयोजना तथा संलग्न उपभोक्ता समितिहरुका कार्यको नियमन गर्ने ।

(२४) घर निर्माण तथा गुणस्तर कार्य भवन संहिता तथा मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने, सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम दिने ।

(२५) खाद्यान्न, माछामासु, तरकारी, फलफुल, पेयपदार्थ तथा उपभोग्य सामाग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने ।

(२६) वडाभित्रको उद्योग धन्दा र व्यवसायको प्रवर्द्धन गरी लगत राख्ने ।

(२७) हाट वजारको व्यवस्थापन गर्ने गराउने ।

(२८) विद्युत चुहावट तथा चोरी नियन्त्रण गर्ने ।

**(ङ) वडाले देहाय बमोजिमका विषयमा सिफारिश वा प्रमाणित गर्ने**

(१) नाता प्रमाणीत ।

(२) नागरिकताको सिफारिश र नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस ।

(३) वहाल करको लेखाजोखा सिफारिश ।

(४) कोठा खोल्न रोहवरमा वस्ने ।

(५) मोही लगत कट्टा सिफारिस ।

(६) घर जग्गा करको लेखाजोखा सिफारिश ।

(७) जन्म मिति प्रमाणीत ।

(८) व्यापार व्यवसाय वन्द भएको वा सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिश ।

(९) मिलापत्र कागज गराउने निवेदन दर्ता सिफारिस ।

(१०) विवाहप्रमाणित, अविवाहित प्रमाणित ।

(११) निःशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस ।

(१२) आफ्नो अधिकार क्षेत्रका विषयमा अंग्रेजी भाषामा सिफारिस तथा प्रमाणीत ।

(१३) घर पाताल प्रमाणित ।

(१४) व्यक्तिगत विवरण प्रमाणित ।

(१५) पुर्जामा घर कायम गर्ने सिफारिश ।

(१६) फरकफरक नाम थर,जन्म मिति सिफारिश र प्रमाणित, दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिश ।

(१७) नाम थर जन्म मिति संशोधनको सिफारिश ।

(१८) जग्गा धनीपुर्जा हराएको सफारिश ।

(१९) कागज र मन्जुरीनामा प्रमाणित ।

(२०) कित्ताकाट सिफारिश ।

(२१) संरक्षक प्रमाणित तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिश ।

(२२) जीवितसँगको नाता प्रमाणित ।

(२३) हकवाला वा हकदार प्रमाणित ।

(२४) नामसारी सिफारिश ।

(२५) जग्गाको हक सम्बन्धी सिफारिश (सार्वजनिक, ऐलानी तथा पर्ति जग्गा वाहेक) ।

(२६) मृतक सँगको नाता प्रमाणित सर्जीम सिफारिश ।

(२७) उद्योग ठाउँसरी सिफारिश ।

(२८) जीवित रहेको सिफारिश ।

(२९) पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिश र अनुमति ।

(३०) जग्गा मूल्यांकन सिफारिश प्रमाणित ।

(३१) विद्यालयको कक्षा वृद्धि सिफारिस ।

(३२) पालन पोषण सिफारिश ।

(३३) वैवाहिक अंगिकृत नागरिकता सिफारिश ।

(३४) आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित ।

(३५) विद्यालय ठाउँसारी सिफारिश ।

(३६) धारा तथा विद्युत जडान सिफारिस ।

(३७) प्रचलित कानून अनुसार प्रत्यायोजन अधिकार बमोजिमको अन्य सिफारिश वा प्रमाणित ।

**(च) विविध**

नगर कार्यपालिकाले वडाले गर्ने गरी तोकि दिएबमोजिमका अन्य कार्य गर्ने ।

## अनुसूची ८ : नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहको एकल अधिकारको सूची

| क्र.सं. | विषयहरु |
|---|---|
| १. | नगर प्रहरी |
| २. | सहकारी संस्था |
| ३. | एफ.एम.सञ्चालन |
| ४. | स्थानीय कर (सम्पत्ति कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर),सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन । |
| ५. | स्थानीय सेवाको व्यवस्थापन |
| ६. | स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन |
| ७. | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु |
| ८. | आधारभुत र माध्यामिक शिक्षा |
| ९. | आधारभूत स्वास्थ्य र सरसफाई |
| १०. | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११. | स्थानीय सडक, ग्रामीड सडक, कृषि सडक, सिंचाइ |
| १२. | गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३. | स्थानीय अभिलेख व्यवस्थापन |
| १४. | घर जग्गा धनी पुर्जा वितरण |
| १५. | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६. | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन |
| १७. | बेरोजगारको तथ्याङ्क संकलन |
| १८. | कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण |
| १९. | खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा |
| २०. | विपद् व्यवस्थापन |
| २१. | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| २२. | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |

## अनुसूची ९ : नेपालको संविधानको अनुसूची ९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची

| क्र.सं. | विषयहरु |
|---|---|
| १. | सहकारी |
| २. | शिक्षा, खेलकुद र पत्रपत्रिका |
| ३. | स्वास्थ्य |
| ४. | कृषि |
| ५. | विद्युत, खानेपानी, सिंचाई जस्ता सेवाहरु |
| ६. | सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| ७. | वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता |
| ८. | खानी तथा खनिज |
| ९. | विपद् व्यवस्थापन |
| १०. | सामाजिक सुरक्षा र गरीवी निवारण |
| ११. | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवहा र तथ्याङ्क |
| १२. | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय |
| १३. | सुकुम्बासी व्यवस्थापन |
| १४. | प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी |
| १५. | सवारी साधन अनुमती |

## अनुसूची १० : मन्त्रालयद्वारा कायम अस्थायी संगठन ढाँचामा आधारित दरबन्दी (२०७५)

| क्र.सं. | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरबन्दी | अन्य तहबाट समायोजन हुने दरबन्दी | बाँकी दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सा.प्र. | | १ | | | |
| २ | इन्जिनियर | ७/८ औं | इन्जि. | सिभिल | | १ | | १ | |
| ३ | अधिकृत | ७/८ औं | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ४ | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ५ | अधिकृत | ६ औं | प्रशासन | सा.प्र. | | २ | | २ | |
| ६ | आन्तरिक लेखापरीक्षक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ७ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ४ | | ४ | |
| ८ | कम्प्यूटर अपरेटर | ५ औं | विविध | | | १ | | १ | |
| ९ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| १० | प्रा. स. | ५ औं | शिक्षा | शि. प्र. | | १ | | १ | |
| ११ | हे. अ. | ५/६ औं | स्वास्थ्य | हे. ई. | | १ | | १ | |
| १२ | सब-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | १ | | १ | |
| १३ | अ.सब.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | १ | | १ | |
| १४ | म. महिला विकास निरिक्षक | चौथो | विविध | | | १ | | १ | |
| १५ | खा.पा.स.टे. | चौथो/पाँचौ | इन्जि. | सिभिल | स्यानीटरी | १ | | १ | |
| | कार्यालय तर्फ जम्मा | | | | | १९ | ० | १८ | |
| | वडा कार्यालय (६ वटा) | | | | | | | ० | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | २ | | २ | |
| २ | सब-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | २ | | २ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ४ | ३ | १ | |
| ४ | अ. सब-इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | ४ | २ | २ | |
| ५ | मुखिया | | | | | १ | १ | ० | |
| | वडा कार्यालय तर्फ जम्मा | | | | | १३ | ६ | ७ | |
| | | | | | | ३२ | ६ | २५ | |

### अध्ययन सन्दर्भ सामाग्री


- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- कर्मचारी समायोजन ऐन, २०७४
- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- कार्य विस्तृतिकरण, नेपाल सरकार, २०७३
- सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका २०६६, नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालय
- निजामती कर्मचारीको कार्यविवरण तयार गर्ने निर्देशिका २०६७, नेपाल सरकार, सा.प्र.मन्त्रालय
- चन्दननाथ नगरपालिका, गाउँ पार्श्वचित्र २०७५
- आ.ब.२०७४/२०७५, आ.ब.२०७५/७६ र आ.ब.२०७६/७७ का नगरसभाका नीति तथा कार्यक्रमहरू ।